# राष्ट्रिय कला संग्रहालय अन्तर्गतको दत्तात्रयस्थित काष्ठकला संग्रहालयमा प्रदर्शित कलाकृतिको विवरण



नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**पुरातत्त्व विभाग**

राष्ट्रिय कला संग्रहालय

भक्तपुर

**२०८३**

# राष्ट्रिय कला संग्रहालय अन्तर्गतको दत्तात्रयस्थित काष्ठकला संग्रहालयमा प्रदर्शित कलाकृतिको विवरण

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय कला संग्रहालय
भक्तपुर
२०८३

लेखक : प्रा. मुकुन्द राज अर्याल
सहायक लेखक : राम बहादुर कुँवर

प्रकाशक

**राष्ट्रिय कला संग्रहालय**

भक्तपुर

| | |
|---|---|
| प्रथम संस्करण | : २०६४ |
| दोस्रो संस्करण | : २०८३ |
| प्रकाशन प्रति | : ५०० |

**मुद्रक**

सुनगाभा अफसेट प्रेस प्रा. लि.

कालोपुल, काठमाडौं, फोन नं. ९८५१०९९५५६

# मन्तव्य

मानवजातिको उत्पतिसगै मानिसले जिवनयापनको क्रममा आफनो आवश्यकतानुसार विभिन्न वस्तुहरुको निर्माण र प्रयोग गर्न सिकेका थिए । शुरुमा ढुगेयुगदेखि आधुनिकयुगसम्म आइपुग्दा मानवले विभिन्न प्रकारका वस्तुहरुमा आफनो कलाकारिता प्रस्तुत गर्दै आएको देखिन्छ । माटो, ढुङगा,जनावरका हड्डि, धातु, कागज, कपडा र काठ लगायत विभिन्न माध्यमद्धारा आफनो कला प्रस्तुत गर्ने कार्य विगतदेखि वर्तमान सम्म रहिआएको देखिन्छ ।

नेपाली कलाका विविध पक्षहरुमध्ये काष्ठकला पनि एक हो । नेपालमा काष्ठकलाको विकास प्राचीनकालदेखि भएतापनि नमुनाहरु भने १३/१४ औं शताव्दीदेखिकामात्र उपलव्ध भएका छन् । काठमाडौ उपत्यकामा रहेका मल्लकालीन संरचनाहरुका विभिन्न भागहरुमा प्रयोग गरिएका काष्ठकलाका उत्कृष्ट नमुनाहरु आजसम्म जस्ताको तस्तै देख्न सकिन्छ । मुख्यगरी राजप्रसाद भवन तथा मन्दिरहरुमा जडीत काष्ठकलाका विभिन्न भागहरुले तात्कालिन उत्कृष्ट कलाकारीताको झल्को दिएको देखिन्छ । विशेषगरी मल्लकालीन यस्ता संरचनामा प्रयोग गरिएका झ्याल, ढोका, टुँडाल, तोरण र थाम आदिमा कुँदिएका कलाकारिता वेजोड र अद्धितिय छन् ।

नेपाली काष्ठकलाको संरक्षण र सम्वद्धन गर्दै स्वदेशी तथा विदेशी अवलोकनकर्ताहरुलाइ विशुद्ध शिक्षा र मनोरन्जन प्रदान गर्न भक्तपुरको ५५ झ्याले दरबारमा काष्ठकला संग्रहालयको स्थापना गरेको र पछि उक्त संग्रहालय पुजारी मठमा सारिएको थियो ।

यस संग्रहालयमा १५औं शताव्दी देखिका विभिन्न काष्ठ कलाकृतिहरु प्रदर्शनीमा राखिएको छ। यहाँ प्रदर्शित काष्ठ कलाकृतिहरुको विवरण सूची वि. स. २०६४ सालमा प्रकाशन गरिएको थियो । उक्त बिवरणसूचीको अत्याधिक खपत भइ मौज्दात नभएकोले पाठकबृन्दहरुलाइ ध्यानमा राखी संग्रहालयले सो बिवरणसूची पुन प्रकाशन गर्न लागेकोमा संग्रहालय परिवार प्रति हार्दिक आभार व्यक्त गर्दछु । अन्त्यमा यस सूचीपत्रले नेपाली काष्ठकलाको बारेमा अध्ययन अनुसन्धान तथा जानकारी लिन चाहने सवैलाइ सहयोग पुर्याउने आशा समेत लिएको छु ।

धन्यबाद ।

**सौभाग्य प्रधानाङ्ग**
महानिर्देशक
पुरातत्त्व विभाग

# भूमिका

काठमाडौं उपत्यका विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदाहरुमध्ये भक्तपुर दरबार क्षेत्र पनि एक हो । भक्तपुरमा प्राचीन वस्ती, धार्मिक साँस्कृतिक क्रियाकलाप, भाषा, संस्कार र परम्परागत खानपिन र पहिरनलाई हालसम्म निरन्तरता दिदै आएको देखिन्छ । यसैकारण भक्तपुरलाई खुल्ला संग्रहालय वा जिवित संग्रहालय भनि सम्वोधन गरिएको पाइन्छ । भक्तपुरका प्रसिद्ध मल्लराजा भुपतिन्द्र मल्लले वि.सं. १७५४ मा सिंहध्वाखा राजदरबार निर्माण गरेका थिए । सोहि दरबारमा हाल राष्ट्रिय कला संग्रहालय रहेको छ । यस संग्रहालय शुरुमा राष्ट्रिय चित्र संग्रहालयको रुपमा वि.सं. २०१७ असार १७ गते स्थापना भएको थियो । साथै मल्लकालीन ५५ झ्याले दरवारमा यसै संग्रहालयको काष्ठकला शाखा स्थापना गरिएकोमा उक्त दरवार जीर्ण हुँदै गएपछि वि.सं. २०४४ सालतिर काष्ठकला शाखालाई दत्तात्रय मन्दिरसँगै रहेको पुजारी मठमा सारिएको थियो । उक्त संग्रहालयमा काठबाट निर्मित प्राचीन कलावस्तुहरु प्रदर्शनीमा राखिएका छन् ।

यहाँ प्रदर्शित काष्ठकलाका महत्वपूर्ण, अद्धितिय, आकर्षक र सजिव कलावस्तुहरुमा मुख्यगरी नृत्यदेवी (पन्ध्रौ शताव्दी), मारविजय, भैरव, शिव विश्वरुप, पूजादेवी र आर्यतारा (सत्रौं शताव्दी), दिपंकर बुद्ध, कृष्ण (जगन्नाथ) बलराम र रुक्मिणीका पुर्णकदका मूर्तिहरू (अठारौ शताव्दी) आदि रहेका छन् । यी वाहेक थुप्रै अन्य महत्वपूर्ण काष्ठकलावस्तुहरु पनि प्रदर्शनमा रहेका छन । मल्लकालीन वास्तुकलामा प्रयोग हुने झ्याल, ढोका, तोरण, टुँडाल आदि पनि यहाँ प्रदर्शित छन् जुन अति कलात्मक र आकर्षक छन् । यो पुजारी मठ आफैंमा अद्धितिय र आकर्षक छ । यो मठमा प्रयोग भएका झ्याल, ढोका, थाममा मल्लकालिक कालिगढको मिहिन काष्ठकलारिता झल्किन्छ । अझ यसै मठमा रहेको काष्ठ मयूर झ्याल त विश्वविख्यात नै छ ।

यस संग्रहालयमा प्रदर्शित कलावस्तुहरूको सामान्य परिचय सहितको विवरण सूची वि.सं. २०६४ सालमा प्रकाशित गरिएकोमा उक्त बिबरणसूची हाल मौज्दातमा नरहेको तर कला जिज्ञासुहरूको अत्याधिक मागका कारण पुन प्रकाशन गर्न लागिएको हो । यसले पाठकवृन्दहरूलाई यस संग्रहालययमा प्रदर्शित कलावस्तुहरूको बारेमा सामान्य जानकारी प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । धन्यबाद

**जयन्ती श्रेष्ठ प्रधान**
संग्रहालय प्रमुख

# विषय सूची


१) परिचय १-२

२) भक्तपुर काष्ठकला संग्रहालय शाखाको परिचय र ऐतिहासिक पृष्ठभूमी ३

३) नेपाली काष्ठकलाको प्राचीनता ४-५

४) काष्ठकलाका विभिन्न स्वरुपहरु ६-९

५) राष्ट्रिय काष्ठकला संग्रहालय भक्तपुरको प्रदर्शन कक्षमा भएका काष्ठकलाका विवरणहरु ११-७८

(क) भूईतल्ला १३

(ख) पहिलो तल्ला १७-२५

(ग) तेश्रो तल्ला (बाहिर) २७-३२

(घ) तेश्रो तल्ला (ठूलो कोठा) ३३-५१

(ङ) तेश्रो तल्लाको पूर्वतिरको ठूलो कोठा भित्र ५३-७८

६) पुजारी मठमा रहेका काष्ठकलाका उत्कृष्ट नमूनाहरु ७९-८५

# परिचय

नेपाल विविध कलाको लागि धनी देश हो। बिशेष गरी काठमाडौं उपत्यकामा कलाका विविध स्वरुपहरु आज पनि विद्धमान छन् । कलाका विविध स्वरुपहरु मध्ये काष्ठकला पनि एक हो । नेपाली काष्ठकलाका नमुनाहरु पूर्वमध्यकाल देखिका भेटिन्छन् । नेपाली काष्ठकला विविध स्वरुपमा प्रस्तुत भएका छन् । विशेषगरी नेपाली काष्ठकला मूर्ति, झ्याल, ढोका, टुँडाल तोरण, स्तम्भहरु दैनिक जीवनको प्रयोगमा आउने सामाग्रीहरु बास्तुकलाका विभिन्न अंगहरुमा पाईन्छ । नेपाली काष्ठकलालाई स्वदेशी तथा विदेशी कलाविद् र इतिहासकारहरुले विभिन्न पुस्तकहरुमा प्रशंसा गरेका छन् । **Dr Dilli Raman Regmi** ले आफ्नो पुस्तक **Medieval Nepal** मा नेपाली काष्ठकलाको मुक्त कण्ठले प्रशंसा गर्दै लेख्नुहुन्छ । **"Wood carving in Nepal had attained the highest form of art ever attained in the field. No other country can try claim to such a high degree of attainment= The carved work on wood, abundantly found and its numerical superioty is rivaled only by stones. Doorways, cornices, frienges, beams of the roof, beams columns and individual wood with carving of divine images are the object of wood work".**

यसरी माथिको बर्णनबाट स्पष्ट रुपमा पनि नेपाली काष्ठकलाको महत्तालाई प्रकाश पार्न सकिन्छ । नेपाली काष्ठकलाको कुरा गर्दा भक्तपुरलाई समावेश नगरी नेपाली काष्ठकलाको अध्ययन पूर्ण हुन सक्दैन । यस क्षेत्रमा १४ औं शताब्दी देखि वर्तमान समयसम्मका काष्ठकलाका अनुपम नमुनाहरु रहेका छन् । भक्तपुरको यक्षेश्वर महादेब मन्दिरका टुँडालहरु र मन्दिरको दायाँ बायाँ भएका भैरबका मूर्तिहरुलाई यस शहरका सर्वप्राचीन काष्ठकलाका नमुनाहरुको रुपमा लिन सकिन्छ । यस पछिका पुराना काष्ठकलाका नमुनाहरुको रुपमा पुजारीमठका केही भैरब मूर्तिहरुलाई पनि लिन सकिन्छ । यस पछिका शताब्दीका सयौंको संख्यामा काष्ठकलाका नमुनाहरु भक्तपुर क्षेत्रमा देख्न पाईन्छ । भैरव चोकका भैरब मूर्तिहरु कुमारी चोकका टुँडालहरु, मूलचोकको पूर्वतर्फ प्रवेशद्वार र तोरण, न्यातपोल मन्दिरका टुँडाल, तोरण र झ्याल, पूजारी मठको विभिन्न कलात्मक झ्यालहरु खासगरी मयूरझ्याल, ढोकाहरु, र मूर्तिहरु र चतुवर्ण महाबिहारका टुँडालहरुलाई काष्ठकलाका महत्वपूर्ण नमूनाहरु मान्न सकिन्छ । उपत्यकाका तीनैवटा शहरहरुको कुरा गर्दा पनि भक्तपुर नै काष्ठकलाको क्षेत्रमा अग्रपंक्तिमा आउँछ । आज पनि सयौंको संख्यामा काष्ठकर्मीले यसै पेशालाई अपनाएको पाइन्छ । यसरी भक्तपुर काष्ठकलाको लागि एउटा प्रसिद्ध ठाउँ हो । यहाँ भएका काष्ठकलाका नमूनाहरुले लामो इतिहासलाई स्पष्ट पार्दछ । वास्तवमा भन्ने हो भने १०-१२

शताब्दी तिरका ग्रन्थका गाताहरु पनि नमुनाका रुपमा देख्न सकिन्छ । यस गाताहरुमा भएका बुट्टाहरु र चित्रले नेपालमा काष्ठकलाको लामो इतिहासलाई स्पष्ट पार्दछ । वास्तवमा भन्ने हो भने काष्ठकलाका विभिन्न स्वरुपहरु १३ औं १४ औं शताब्दी देखिका पाईन्छन् । हालसम्म पनौतीको इन्द्रेश्वर महादेव मन्दिरका टुँडालहरु र पाटन रुद्रवर्ण महाविहारमा बाँकी रहेका केही शालभञ्जिका र (यक्षिणी) टुँडालहरुलाई सर्वप्राचीन काष्ठकलाका नमूना मानिएको छ । त्यसपछिका दिनहरुमा प्रशस्त मात्रामा काष्ठकलाका विविध स्वरुपहरु जस्तै भ्यालढोकाहरु, टुँडालहरु, तोरणहरु, मूर्तिहरु वने जुन आज पनि विभिन्न दरवार, मन्दिर घरपरिसर र संग्रहालयहरुमा विद्यमान छन् । मध्यकालमा वनेका काष्ठकलाका यी विभिन्न स्वरुपहरु मध्यकालीन सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक इतिहास अध्ययन गर्ने एक महत्वपूर्ण स्रोतको रुपमा रहेका छन् । वर्तमान समयमा, पनौतीको इन्द्रेश्वर महादेव मन्दिर, भक्तपुरको दत्तात्रय मन्दिर पुरानो तलेजु, पूजारीजठ, न्यातपोल, पाटनको रुद्रवर्ण महाविहार, पाटन दरवारकै मूलचोक, भीमसेन मन्दिर, कुम्भेश्वर मन्दिर, स्वठ नारायण, काठमाडौंको कुमारीघर, जगन्नाथ मन्दिर, छुस्यावहाल, इटुमवहाल, पशुपतिनाथ मन्दिर, चाँगुनारायण मन्दिरको अतिरिक्त नाला भगवती जस्ता स्मारकहरुमा मध्यकालीन काष्ठकलाका अनुपम नमूनाहरु प्राचीन संस्कृतिको रुपमा रहेका छन् । साथै उपत्यकाका विभिन्न ठाउँहरुमा संकलन गरिएका मध्यकालीन काष्ठकलाका नमूनाहरु राष्ट्रिय संग्रहालय छाउनी, हनुमानढोका संग्रहालय र भक्तपुर काष्ठकला संग्रहालयमा हेर्न र अध्ययन गर्न सकिन्छ ।

# भक्तपुर काष्ठकला संग्रहालय शाखाको परिचय र ऐतिहासिक पृष्ठभूमि

भक्तपुरको दत्तात्रय प्राङ्गणको ऐतिहासिक तथा महत्वको स्थान पूजारीमठमा यो संग्रहालय वि.सं. २०४४ सालमा स्थानान्तरण गरिएको थियो । यसभन्दा पूर्व भक्तपुर कला संग्रहालयसँगै पचपन्न झ्याले दरबारमा कक्ष रहेको थियो । काष्ठकलाको लागि नै प्रसिद्ध पूजारी मठमा रहेको यस संग्रहालयमा विभिन्न कालका काष्ठकलाका अद्वितीय नमूनाहरु प्रर्दशन गरिएका छन् । सानो मूल प्रवेशद्वारवाट भित्र पस्नुभन्दा पहिले यसो शिर उठाएर हेरे बिभिन्न प्रकारका आकर्षक कलात्मक झ्यालहरु अनुपात मिलाएर बनाइराखिएको देखिन्छ । पहिलो सानोचोकको चारैतिर पुऱ्याइ केहिबेर अध्ययन गरेमा त्यहाँका चारै भागका झ्यालहरु चारै दिशा अलगअलग प्रकारका र सबै कलापारखीको दृष्टि खिच्न सक्ने भएकोले यहाँ शब्दले ब्याख्या गर्न नै सकिदैन। यो त त्यहाँ उभिएर मात्र अध्ययन गर्दा थाहा हुन्छ, प्रत्येक नेपालीको हृदयमा ती अज्ञात कलाकारहरुको कलाप्रति आदर भाव आँउछ । ठाडो स्तम्भहरुको सूक्ष्म कलाकारिता, रुख, लहरा, फूल, चराहरु, बाँदरहरु र पुस्तकहरु कलात्मक हुनुको साथै तत्कालीन समाजको सामाजिक चिन्तनको प्रतिकात्मक खुला पुस्तक हुन । यो मठ तीन तल्ले छ। यो संग्रहालयको भूईतलामा एउटामात्र मूर्ति जयमल प्रर्दशन गरिएको छ । पहिलो तलामा मञ्जुश्री, तारा, मञ्जुश्री, ख्याक, लक्ष्मी, ख्याक र गणेश प्रदर्शन कक्षमा छन् । तेस्रो तलामा मूलकक्ष प्रवेशभन्दा बाहिर गणेश, कुमार, मञ्जुश्री, आर्यताराका मूर्तिहरु छन । यसैतलाको ठूलोकोठा भित्र पूजा देवी, भैरब, सिंह, राधाकृष्ण, तोरणहरु, बिष्णु, दिपंकरबुद्ध, आर्यताराहरु, मञ्जुश्री, मारविजय, बिष्णु र नर्तकीको मूर्ति छ । यसै कोठाको पूर्वतिर अर्को ठूलो कोठा छ यस कोठामा आर्यतारा, भैरबमुकुन्डो, शक्तिसहित भैरब, अष्टभूज भैरब, आर्यतारा, बसुन्धरा, हयग्रीव (यमकिङ्कर), ठेकी, बिभिन्न प्रकारका टुँडालहरु, कृष्ण, बलराम, ट्रेंडाल, झ्याल, खाट, बाकस, झ्याल, तोरण, गणेश, टुँडाल, भैरबशक्ति र टुँडालहरु छन् । यस संग्रहालयमा भएका काष्ठकलाका नमूनाहरु काष्ठकलाको हिसाबले अति महत्वपूर्ण मानिन्छन् ।

# नेपाली काष्ठकलाको प्राचीनता

कलाका विविध स्वरुपहरु जस्तै काष्ठकलाको विकाश पनि प्राचीनकाल देखि नै भएको कुरा इजिप्टको उत्खननबाट प्रष्ट भएको काष्ठमूर्तिले प्रमाणित गरको छ । भारतिय उपमहाद्विपमा पनि सिन्धुघाटी सभ्यतादेखि नै काष्ठकलाको विकाश भएको कुरा उत्खन्नबाट प्राप्त काष्ठ सामग्रीहरुले पुष्टि गरेका छन् । बैदिक कालमा पनि काष्ठकलाको ब्यापक विकाश भएको कुरा बैदिक संहिताहरुमा दाँत माझ्न दतिवन भाँच्दा पनि पुरयाउने विधि र मध्यकालीन तान्त्रिक बनस्पति गायत्री र काठ काट्नु पूर्व गरिने विधि र काठ काट्दा पढिने मंत्रहरुवाट थाहा पाइन्छ । ऐतिहासिक कालमा भारतमा मौर्यकाल देखि काष्ठकलाका नमुनाहरु पाइन्छन् । यी विभिन्न सन्दर्भहरुले विश्वमा र भारतमा समेत काष्ठकलाको विकाश प्राचिनकाल देखि भएको कुरा स्पष्ट हुन्छ ।

नेपालको सन्दर्भमा काष्ठकलाको प्राचीनताको कुरा गर्दा यहाँ पनि प्राचीनकालदेखि नै काष्ठकलाको विकाश भएको कुरा तराई क्षेत्रको उत्खननको क्रममा प्राप्त भएका खामका डोबहरुले पुष्टि गरेका छन् । काठमाडौ उपत्यकाको कुरा गर्दा पनि संभवत नेपालमा पहिलो चोटी राज्य ब्यवस्थाको शुरुवात गर्ने गोपालकालदेखि नै काष्ठकलाको विकाश भएको अनुमान गर्न सकिन्छ । गोपाल र महिषपाल पछि राज्य गर्ने किराँतहरुको समयमा काष्ठ उद्योग नै प्रचलित थियो भन्ने तथ्य प्राचीन किरात इतिहास का लेखक डा. प्रपन्नाचार्यले स्पष्ट पार्नु भएको छ । तर दुर्भाग्यवस किराँतकालका कुनै पनि काष्ठकलाका नमुनाहरु पाईदैन । किरातकाल पछिको लिच्छविकालमा पनि काष्ठकलाको राम्रो विकाश भएको थियो भन्ने कुरा प्राप्त अभिलेखीय स्रोत चिनिया यात्रिहरुको बर्णन र केहि कलाकृतिको सन्र्दभहरुबाट थाहा पाइन्छ । पाटन सुन्धाराको अंशुवर्माको अभिलेखमा मन्दिरका झ्याल ढोका किरा मुसाले खाई नास गरेकोले पुनः जीर्णोद्धार गरेको सन्दर्भबाट काठका झ्यालढोकाहरु बन्दथे भन्ने कुरा स्पष्ट हुन्छ । साथै अभिलेखहरुमा सिंकरको उल्लेख भएको पनि पाईन्छ जसलाई इतिहासविद्हरुले काठमा लाग्ने करको रुपमा ब्याख्या गरेका छन् । दुर्भाग्यवस यस कालका पनि काष्ठकलाका नमुनाहरु पाइएका छैनन् । तर नमुना नपाइएबाट लिच्छवीकालमा काष्ठकलाको विकास नै भएको थिएन भनेर अवश्य पनि भन्न मिल्दैन । किनभने ढुंगा जस्तो कडा बस्तुमा उत्कृष्ट कलाकारिता गर्न जानेका लिच्छिवीकालका कलाकार काष्ठकलामा दखल नै थिएन भनेर पनि भन्न मिल्दैन । त्यसकारण काठ नाशवान बस्तु भएको हुनाले समयबित्दै जाँदा यस्ताबस्तु पनि नाश भए होलान् भनेर अनुमान गर्न सकिन्छ । सातौं शताब्दीमा नेपाल भ्रमणमा आउने चिनीयाँ यात्री वाङहुएत्सेले नेपालमा काठका ढोकाहरु हुन्छ र भित्ताका चित्रहरुमा लेखिएको वर्णन गरेका छन् । पूर्वमध्यकालका काष्ठकलाका नमुनाहरू आज

पनि जिवन्तरुपमा उपत्यकाका विभिन्न ठाउँमा देख्न सकिन्छ । बास्तवमा भन्ने हो भने यस कालका काष्ठकलाका विभिन्न स्वरुपहरु नै यस कालको काष्ठकलाको बारेमा जान्ने र अध्ययन गर्ने जिवन्त श्रोतहरु हुन् । मध्यकालका काष्ठकलाका स्वरुपको रुपमा १० औं ११ औं शताब्दी तिरका ग्रन्थका गाताको रुपमा देख्न सकिन्छ । यस्ता गाताहरुमा भएका बुट्टाहरु र चित्रले नेपालमा काष्ठकलाको लामो इतिहासलाई स्पष्ट पार्दछन् । बास्तवमा भन्ने हो भने काष्ठकलाको प्राचीनताको साथै मध्यकालीन आर्थिक, सांस्कृतिक, धार्मिक र सामाजिक पक्षलाई अध्ययन गर्न पनि ठूलो सहयोग पुऱ्याएका छ ।

# काष्ठकलाका विभिन्न स्वरूपहरू

नेपालमा विकसित भएका कलाका विविध विधा मध्ये काष्ठकला पनि एक हो। नेपालमा मध्यकाल देखिका काष्ठकलाका विविध स्वरुपहरु देख्न सकिन्छ । नेपालमा काष्ठकलाका विभिन्न स्वरुपहरु निम्न देखिन्छ ।

## क) मूर्तिहरू :

काष्ठकलाका विविध स्वरुपहरुमध्ये काष्ठमूर्तिहरु पनि एक हुन् नेपालमा काठका मूर्तिहरु १५ औं शताब्दी देखिका पाइन्छन् तर पनि प्राचीन बिहारहरु र स्मारकहरुमा सर्भेक्षण गर्न सके अरु पुराना मूर्तिहरु पनि पाईन सकिने कलाविदहरुको अनुमान छ। यस्ता मूर्तिहरु धार्मिक र लौकिक दुबै जीवनसंग सम्वन्धित रहेको पाइन्छ । काठमाडौ उपत्यकामा विशेष गरी बुद्ध, गणेश, भैरब, तारा, विष्णुका काठका मूर्तिहरु बढीमात्रामा भेटिन्छन् । यसका साथै भक्त, भक्तिनी, नृत्य मुद्राका मूर्तिहरु पनि पाइन्छन् । अहिले सम्मको अध्ययनमा पूजा देवीको मूर्तिलाई १५ औं शताब्दीको मानिएको छ । नेपालमा बनेका काठका मूर्तिहरुमा रंगको बढीमात्रामा प्रयोग भएको पाइन्छ । मध्यकालमा बनेका सयौंका संख्यामा मूर्तिहरु आज पनि काठमाडौ उपत्यकामा देख्न सकिन्छ । भक्तपुरको यक्षेश्वर महादेवका मन्दिरमा भएका भैरबका मूर्तिहरु, पूजारीमठमा भएका भैरबका मूर्तिहरु, भक्तपुर दरबारको भैरब वा सदाशिव चोकमा भएका भैरब मूर्तिहरु, भक्तपुर काष्ठकला संग्रहालयमा भएको नृत्य देवी, मारबिजयको दृष्यात्मक तोरण, गणेशका मूर्तिहरु, बुद्धका मूर्तिहरु, ताराका मूर्तिहरु, दिपंकर बुद्धको मूर्ति, भैरब शक्तिका मूर्तिहरु, शिव विश्व रुपको मूर्तिहरु, कुबेर र मञ्जुश्रीका मूर्तिहरु, राष्ट्रिय संग्रहालय छाउनीमा भएको दिपंकर बुद्धको मूर्ति, भैरबशक्तिको मूर्ति, नृत्यदेवीको मूर्ति मुकुण्डो र बसन्तपुर दरवारको शिव पार्वती मन्दिरमा भएका मूर्तिहरु काष्ठकलाको दृष्टिकोणले महत्वपूर्ण मानिन्छन् ।

## ख) झ्यालहरू :

बास्तुकलाका विभिन्न स्वरुपहरुमा प्रशस्त मात्रामा कलात्मक झ्यालको प्रयोग गरिएका हुन्छन् । यस्ता कलात्मक झ्यालहरुमा असंख्य मात्रामा उत्कृष्ट काष्ठकलाकारिता देख्न पाइन्छ । झ्यालहरु एक मुखे देखि सातमुखे सम्म पाइन्छन् । झ्यालहरुमा धार्मिक, सांस्कृतिक र सामाजिक जीवन दर्साउने खालका मूर्तिहरु पनि कुँदिएको पाइन्छ । झ्यालहरुलाई यिनीहरुको आकार, स्वरुप र अंकित मूर्तिहरुको आधारमा नामाकरण गर्ने चलन देखिन्छ । उपत्यकामा संझ्या, टिकीझ्या, सूर्यझ्या, मयूरझ्या, विमानझ्या, देशेमरुझ्या

पनि स्वरुप र आकारको आधारमा नामाकरण गरेको पाइन्छ । पूजारी मठमा भएका झ्यालहरु काठमाडौ उपत्यकाका तिनै वटा दरबारमा भएका झ्यालहरु, कुमारी घरका झ्यालहरु, पनौतीको इन्द्रेश्वर, भक्तपुरको यक्षेश्वर, न्यातपोल र चांगुनारायण मन्दिरमा भएका झ्यालहरु काष्ठकलाका हिसाबले अति महत्वपूर्ण मानिन्छ । भक्तपुरको पूजारी मठमा भएको मयूर र सूर्य झ्याल पनि विश्वविख्यात छन् ।

### ग) **ढोकाहरू** :

काष्ठकलाका विविध स्वरुपहरुमा मध्ये कलात्मक ढोकाहरु पनि एक हुन् । बास्तुकलाका विभिन्न स्वरुपहरुमा विभिन्न आकारका ढोकाहरु राखिएका हुन्छन् र यस्ता ढोकाहरुमा विभिन्न किसिमका कलाकृतिहरु कुँदिएको पाइन्छ । यस्ता ढोकाहरुमा विशेषगरी गणेश, कुमारका मूर्तिहरु, पूर्णकलश, रुखका साथै सर्प मकराकृतीहरुका विभिन्न किसिमका आकृतिहरु पनि कुदिएका हुन्छन् । काठमाडौं उपत्यका विशेषगरी, भक्तपुरको पुजारी मठ, यक्षेश्वर महादेव मन्दिर, न्यातपोल मन्दिर, र दरवारका विभिन्न ठाउँमा भएका ढोकाहरु काष्ठकलाको हिसाबले अति महत्वपूर्ण मानिन्छन् । साथै पाटन दरबारमा भएका विभिन्न खाले ढोकाहरु, हनुमानढोका दरबारमा भएका विभिन्न खाले ढोकाहरुका चौकोस, कुमारी घरमा भएका ढोकाहरु र चांगुनारायण मन्दिरमा भएका ढोकाहरु काष्ठकलाको दृष्टिकोणले अति महत्वपूर्ण मानिन्छन् ।

### घ) **स्तम्भहरू** :

स्तम्भहरु पनि नेपाल काष्ठकलाका महत्वपूर्ण पक्षको रुपमा लिइन्छ । महत्वपूर्ण स्मारकहरुमा तन्नो तलाको भार अड्याउनको लागि यस्ता स्तम्भहरु बढी मात्रामा प्रयोग भएको पाइन्छ । बिशेषगरी तल्लो तला खुल्ला भएका सत्तलहरु, दरबारका तल्लो तलाहरु, मठका तल्लो तलाहरु, पाटीका तल्लो तनाहरुमा विभिन्न किसिमका स्तम्भहरु देख्न सकिन्छ । यस्ता स्तम्भहरुको आकार सानो देखि ठूलो हुने गर्दछ । भने मोटा देखि पातालोसम्म हुने गर्दछन् । यस्ता स्तम्भहरु कुनै गोलाकार र कुनै बर्गाकार पनि हुने गर्दछन् । यी स्तम्भहरुमा विभिन्न किसिमका बुट्टाहरु, रुखका लहराहरु, पातहरु, चरा चुरुङ्गीहरु, मत्स्य आकृतिहरु, पशु आकृतिहरु विभिन्न स्तरमा कुँदिएका हुन्छन् । पाटन दरबारमा भएका विभिन्न स्तम्भहरु, भक्तपुरको पुजारी मठ, र न्यातपोल मन्दिरमा भएका स्तम्भहरु, हनुमानढोकाको कुमारी घर र माजुदेवलमा भएका स्तम्भहरू काष्ठकलाको दृष्टिले अति महत्वपूर्ण मानिन्छन् । यस बाहेक काठमाडौं उपत्यकाका विभिन्न मध्यकालिन सत्तल, पाटी र मन्दिरहरुमा पनि आकर्षक स्तम्भहरु देख्न पाइन्छ ।

### ङ) **तोरण** :

मूल ढोकाको माथि अर्धगोलाकार अबस्थामा राखिएको भागलाई तोरण भनिन्छ । विशेषगरी नेपाली

शैलीका मन्दिरहरुको मूल ढोकाको माथिल्लो भागमा यस्ता तोरणहरु देख्न सकिन्छ । कहि कहि झ्याल र प्रवेशद्वारको माथितिर पनि तोरण राखिन्छन् । संभवत् मन्दिरको सजावटको यस्तो राख्ने परम्परा शुरु भएको हुन सक्छ । तोरणमा विभिन्न किसिमका कलाकृतीहरु कुँदिएका पाइन्छ । धेरैजसो तोरणको मध्य भागमा मूल गर्भगृहमा भएको मूर्तिको चित्र कुद्ने चलन छ । यस मूर्तिको दर्शनले एकातिर मन्दिर कुन देवताको हो भन्ने स्पष्ट हुन्छ भने अर्कोतिर सवै गर्भगृहका मूर्तिहरु सजिलै संग दर्शन गर्न नसकिने र नहुने हुदा बाहिर नै दर्शन गराउन खोजिएको पनि हुन सक्छ । विचमा गर्भगृहमा भएको मूर्तिको साथ साथै तोरणमा मकराकृती, सर्पाकृति, गणेश भैरव, क्षेपू, नागकन्या, जलचर, जन्तुहरु, रुखका लहराहरु, पातहरु, पूर्ण कलशका मूर्तिहरु पनि कुँदिएका हुन्छन् । कुनै कुनै तोरणमा माथिल्लो भागमा गरुडले सर्प समातेको देखाइएको पाइन्छ । छुस्यावाहाल, भक्तपुरको न्यातपोल र यक्षेश्वर मन्दिरका तोरण, भक्तपुरकै मुलचोकपूर्वि प्रबेशद्वारको भगवतीका विभिन्न स्वरुपका मूर्तिहरु कुदिएको तोरण इटुमबाहालको तोरण काष्ठकलाको हिसाबले अति महत्वपूर्ण मानिन्छन् ।

### च) टुँडालहरू :

नेपाली काष्ठकलाका महत्वपूर्ण स्वरुपहरुमध्ये टुँडाल पनि एक हो । यस्ता टुँडालहरुमा काष्ठकला प्रसस्त मात्रामा देख्न सकिन्छ । टुँडालहरु विशेषगरी नेपाली शैलीका मन्दिरहरुका र परम्परागत घरहरुको छाना अड्याउनको लागि प्रयोग गरिन्छ । यस्ता टुँडालहरुले मन्दिरको सौन्दर्य बढाउनको लागि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यस्ता टुँडालहरुमा उत्कृष्ट काष्ठ कलाकारिता देख्न सकिन्छ । टुँडालहरुमा प्रायः जसो तीनवटा भाग हुन्छन् । विचको भागमा मन्दिरको मूल गर्भगृहको देवतासंग सम्वन्धित सम्प्रदायका मूल देवताको मूर्ति हुने गर्दछ भने माथिल्लो भागमा रुखका लहराहरु, पात, चराहरु, अप्सराहरु, र पशु आकृतिहरु बनाइएका हुन्छन् । त्यसैगरी टुँडालको तल्लोभागमा देवीदेवताका वाहनहरु, सहायक देवी देवता, ऋषिमुनीहरु, र कामकला सम्बन्धित मूर्तिहरु कुँदिएका हुन्छन् । पनौती इन्द्रेश्वर महादेव मन्दिर, रुद्रवर्ण महाविहार यक्षेश्वर मन्दिर, न्यातपोल, चांगुनारायण र छुस्यावहालमा भएका टुँडालहरु काष्ठकलाको दृष्टिले महत्वपूर्ण मानिन्छन् ।

### छ) मुठल, नस, कार्नेस, कोपु र नाल :

नेपाली बास्तुकलाका विभिन्न स्वरुपहरुमा काष्ठकलालाई विभिन्न स्वरुपमा प्रयोग गरिएको हुन्छ । ती स्वरुपहरुमध्ये मुठल, नस, कार्नेस, कपु र नाल पनि हुन् । यस्ता स्वरुपहरु विभिन्न भागमा प्रयोग गरिएका हुन्छन् । यस्ता विभिन्न भागहरुमा विभिन्न किसिमका बुट्टाहरु, सर्प आकृतिहरु, रुखका लहराहरु, चरा चुरिङ्गीहरु मानवआकृतिहरु, देव आकृतिहरु आदि कुँदिएका हुन्छन् । काठमाडौ उपत्यकाका विभिन्न स्मारकहरुमा यस किसिमका आकृतिहरु कुँदिएका पाइन्छ ।

## ज) मुकुण्डोहरू :

नेपाली काष्ठकलाका महत्वपूर्ण स्वरुपहरु मध्ये यो पनि एक हो। नेपालमा मध्यकालदेखि कै यस्ता काठका मुकुण्डोहरु पाइन्छन् । यस्ता मुकुण्डोहरु विशेषगरी भैरबका बन्दछन् । यस बाहेक पशुका मुखका पनि मुकुण्डोहरु जात्रा पर्वहरुमा लगाएर नाच्ने परम्परा नेपालमा आज पनि प्रचलित रहेको पाइन्छ ।

## झ) ठेकी

काठका ठेकीहरु बनाउने परम्परा पनि प्राचीन हो। उपत्यकामा धातुको साथ साथै काठका ठेकीहरु पनि विभिन्न प्रयोजनको लागि बनाउने चलन रहेको छ । वर्तमान समयमा यस्ता काठका ठेकी पर्यटकहरुलाई बेच्नको लागि र अझै ग्रामीण भेकमा दूध, दही र घिउ राख्न र दही मथेर मही बनाउन प्रयोग गर्दै आइरहेको पाइन्छ । मध्यकालमा यस्ता ठेकीहरु दुध, दही घिउ राख्नको साथै अन्न भण्डारणको लागि बढी मात्रामा प्रयोग गरिन्थ्यो। यो विशेष जातको रुख दारको काठवाट बनाइएको हुन्छ ।

## ञ) ओखल :

उपत्यकामा मध्यकालमा काठका ओखलहरु पनि बनाउने चलन थियो। यस्ता ओखलहरु धान, चिउरा, खुर्सानी आदि कुट्नको लागि प्रयोग गरिन्थ्यो । आज पनि बुङमती, पनौती, भक्तपुर जस्ता ठाउँहरुमा यस्ता ओखलहरु देख्न सकिन्छ । यस्ता पुराना ओखलहरुमा आजभोलि मूर्तिहरु बनाएर पनि बेच्ने गरेको पाइन्छ । खोकनाको तेलपेल्ने काठको कोललाई पनि यस अन्तर्गत राख्न सकिन्छ ।

## ट) घरायसी र धार्मिक सामाग्रीहरू :

घरायसी कामको चाहिने विभिन्न किसिमका सामाग्रीहरुमा पनि काष्ठकला देख्न सकिन्छ । घरायसी काठका सामाग्रीहरु मध्ये कुर्सी, टेवल, दराज, ऱ्याक, पलङ्ग आदिलाइ लिन सकिन्छ । यसका साथै खट रथ आदि बनाउनको लागि काठको व्यापक रुपमा प्रयोग भएको पाइन्छ । पुराना रथहरु र खटहरु आज पनि काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरुमा देख्न सकिन्छ। ग्रामीण भेकमा खुकुरी राख्ने दाप र हँसिया राख्ने खर्षी आदिमा कलाकारिता देख्न पाइन्छ । काठको सबभन्दा सानो र ठूलो रथ पनि उपत्यकामानै पाइन्छ । साथै सन्दुकहरु पनि प्रशस्त मात्रामा पाइन्छन् ।

# राष्ट्रिय काष्ठकला संग्रहालय भक्तपुरको प्रदर्शन कक्षमा भएका काष्ठकलाका विवरणहरू


# भूई तल्ला

## १)  जयमल (१८ औं शताब्दी)



भक्तपुरको इतिहासमा वारम्वार उल्लेख हुने जयमल र पत्तालाई नामुद पहलमानको रुपमा लिने चलन छ । यस मुकुण्डोको केशविन्यास अति नै आकर्षक छ । केशमा विशेष गरी निधारको नाबितिर र कानको माथितिरको केशविन्यास अति आर्कषक छ । निधारमा रातो लामो टीका छ । आँखिभौंहरु र आँखा पनि अति आकर्षक छन् । मुखमा सेतो रंग छ । आँखिभौ काला छन् भने ओठमा आकर्षक जुँघाहरु छन् । यसको मुखको रंग कालो छ । यस मुकुण्डोमा रंगको राम्रो संयोजन देख्न सकिन्छ ।

# पहिलो तल्ला




१) मञ्जुश्री १७औं शताब्दी
२) तारा १७औं शताब्दी
३) मञ्जुश्री १७औं शताब्दी
४) कुबेर १७औं शताब्दी
५) लक्ष्मी १७औं शताब्दी
६) कुबेर १७औं शताब्दी
७) नृत्यरूप गणेश १७औं शताब्दी

## १)     मन्जुश्री (१७ औं शताब्दी)



कमलमाथि बज्रासन मुद्रामा भएको मन्जुश्रीका दुवै हात धर्मचक्र मुद्रामा छन् । शिरमा अलंकृत मुकुट छ । निधारमा रातो टीका छ । मुख अलि जीर्ण भइ सकेको छ। कानमा चक्रकुण्डलहरु छन् । घाँटीमा चौडा किसिमको हार छ । हातमा बाला र केयुर छन् । काँधको दायाँ बायाँ फूलहरु छन् । दायाँतिरको फूलमाथि खड्ग छ। मूर्तिमा रातो हरियो र सुनौलो रंग छ । प्रभाको किनारमा अग्नि ज्वालाहरु छन् । मूर्ति जीर्ण अवस्थामा छ ।

## २)    तारा (१७ औं शताब्दी)



साधा आसन माथि ललितासनमा भएको ताराको यस मूर्तिका दुईवटा हातहरु छन् । दायाँ हात वरद मुद्रामा छ भने वायाँ हात अभय मुद्रामा छ । दुवै हातमा फूलका डाँठहरु छन् । शिरमा अलंकृत मुकुट छ । मुकुटमा सुनौलो रंग लगाइएको छ । मुख जीर्ण अवस्थामा रहेको छ । मुखमा रातो रंग लगाइएको छ । कानमा चक्रकुण्डलहरु छन् । कुण्डलहरुमा सुनौलो रंग लगाइएको छ । घाँटीमा चौडा सुनौलो रंग लगाइएको हार छ। पाखुरामा केयूर र हातमा वालाहरु छन् । शरीरमा रातो रंग लगाइएको छ । धोतीसंग जोडिएको कम्मरवन्ध आकर्षक बनेको छ । कानको दायाँ-वायाँ फूलहरु छन् । मूर्तिको साधा आसनमा रातो र नीलो रंगको प्रयोग गरिएको छ ।

## ३)　मन्जुश्री (१७ औं शताब्दी)



कमलमाथि आसन मुद्रामा भएको मन्जुश्रीको यस मूर्तिमा दुईवटा हातहरु छन् । दायाँ हात बरद मुद्रामा छ र केही लिए जस्तो देखिन्छ भने बायाँ हात अभय मुद्रामा भएतापनि केही लिए जस्तो देखिन्छ । शिरमा अलंकृत मुकुट छ, शिर पछाडि प्रभामण्डल पनि छ, प्रभामण्डलको किनारहरुमा अग्नि ज्वालाहरु बनाइएको छ । निधारमा पातलो लामो टीका छ । मुखाकृती अलि जीर्ण भएको छ। कानमा चक्रकुण्डलहरु छन् । घाँटीमा चौडा हार छ । काँधदेखि निस्किएको पछ्यौरावाट पेट सम्म को माला आकृति बनाइएको छ । हातमा केयूर र बालाहरु छन्। कम्मरमा चौडा कम्मरबन्ध छ । तल्लो भागमा धोतीको प्रयोग गरिएको छ। काँधको दायाँ बायाँ नीलो कमलका फूलहरु छन् । मूर्तिमा सुनौलो हरियो र रातो रंगको प्रयोग भएको छ । मूर्तिको पछाडि प्रभा पनि छ ।

## ४)	कुवेर (सेतो ख्याक) (१७ औं शताब्दी)



आलिढ स्वरुपमा हिडिरहेको अवस्थामा देखाउन आलिढासनमा कुँदिएको कुवेरका २ वटा हातहरु छन् । दायाँ हातले लौरा टेकिराखेको छ भन वायाँ हातले काँधमा थैलो बोकेको देखाइएको छ। शिरमा केशटिस साधारण खालको छ भने केशलाई माथिल्लो भाग जोडि गुथिएको छ । कानमा कुण्डलहरु छन् । निधारमा लामो टीका छ । आँखा गोला छन् भने मुखमा मीठो हाँसो छ । यस मूर्तिको मुखमा दाढी पनि छ । सम्पूर्ण शरीरमा सेतो रंग छ भने थैलो र लौरोमा रातो र हरियो रंग छ । यो मर्ति पनि दुर्लभ काष्ठ मूर्तिको रुपमा लिन सकिन्छ । सेतो ख्याकले धन दिन्छ, भारी गहौं भएको देखाउन लठ्ठीको भर लिई उभिएको ।

## ५)    लक्ष्मी (१७ औं शताब्दी)



कमलको फूलमाथि कछुवाको आसनमाथि ललितासनमा भएको लक्ष्मीको यस मूर्तिका चार बटा हातहरु छन् । दायाँ माथिल्लो हातमा ज्वालान्हत्याक छ भने तल्लो हात बरद मुद्रामा छ । बायाँतिरको माथिल्लो हातमा रुख छ भने तल्लो हातमा कलश छ । मूर्तिको शिरमा अलंकृत मुकुट छ शिरपछाडि अग्निज्वाला युक्त प्रभा मण्डल पनि छ । कानमा चक्रकुण्डलहरु छन् । केशविन्यास साधारण खाले छ । आँखा ध्यान मग्न अवस्थामा छन । घाँटीमा चौडा हार हुनुको साथै छातीमाथि माला छ। चार वटै हातमा केयूर र बालाहरु छन काँधमा लुगाको पट्टा भुण्डिएको छ। कम्मरबन्ध चौडा र अलंकृत छ । तल्लो भागको धोतीमा अलंकृत मुजाहरु छन् । मूर्तिको पछाडि अलंकृत प्रभा छ। प्रभाको किनारमा अग्निज्वाला युक्त बुट्टाहरु छन् । शरीरमा रातो सेतो पहेंलो रंगको प्रयोग भएको छ ।

## ६)	कुवेर (सेतो ख्याक) (१७ औं शताब्दी)



साधारण आसनमा प्रत्यालिढ मुद्रामा भएको ख्याकको यो मूर्तिमा २ वटा हातहरु छन् । दुवै हातले र मुखले थैलोको मुख खोल्न लागेको छ । केशविन्यास साधारण खाले छ । निधारमा टीका छ । कानमा कुण्डल छ । यस मूर्तिको बनावटले गर्दा एउटा मात्र कान देख्न सकिन्छ । पेट तल्लो भागमा भुण्डिएको छ । तल्लो भागमा धोती छ । धोतीका बुट्टाहरु अगाडिको भागमा देखिन्छन् । मूर्तिको माथिल्लो शरीर र खुट्टाहरुमा सेतो रंग लगाइएको छ । धोती र थैलोको भागमा रातो र नीलो रंग छ । यस किसिमका मूर्तिहरु नेपालमा विरलै पाइन्छ ।


## ७)　　गणेश (१७ औं शताब्दी)



शिव परिवारका महत्वपूर्ण सदस्य देवहरु मध्ये गणेश पनि एक हुन् । यिनी शिव र पार्वतीका पुत्र मानिन्छन् । गणेश संकटमोचन र बाधा व्यवधान हटाउने देवताका रुपमा पनि चिनिन्छन् । सुरुमा गणेश शिव परिवारसंग सम्वन्धित भए तापनि पछिल्लो समयमा गणेशको अलग्गै सम्प्रदायको विकास भयो, जसलाई गणपत्य सम्प्रदाय भनेर चिनिन्छ । हिन्दु धर्ममा हरेक पूजाको शुरुवात गणेशको पूजाबाट प्रारम्भ हुन्छ । नेपालमा विशेष गरी काठमाडौं उपत्यकामा गणेशको विशेष महत्व रहेको पाइन्छ । काठमाडौं उपत्यकामा हरेक चोक र गल्लीहरुमा गणेशका मन्दिर र मूर्तिहरु पाइन्छ । यहाँका मानिसहरुको दिनचर्याहरु गणेशको दर्शनबाट शुरु हुने गर्दछ । सप्ताहको एक दिन मंगलबार गणेश मन्दिरमा ठूलो भिड देख्न सकिन्छ ।

कमलको आसनमाथि नृत्य मुद्रामा भएको गणेशका चारवटा हातहरु छन् । दायाँ माथिल्लो हातमा गदा छ भने तल्लो हातमा मूला छ । बायाँ माथिल्लो हातमा शंख छ भने तल्लो हातमा लड्डू छ । गणेशको शिरमा अलंकृत मुकुट छ । कान ठूला ठूला छन् । सूँढ पेट सम्म भुण्डिदैमाथि तिर फर्किएको र विभिन्न किसिमका बुट्टाहरु छन् । निधारमा गोलो टीका पनि छ । घाँटीमा चौडा किसिमको हार छ । काँधमा कवच देखिन्छ। पेटमा पनि बुट्टेदार कवच आकृति छ । हातमा ठूला ठूला बालाहरु छन् । कम्मरको धोतीको पेटी दानादार छ र धोती पनि अलंकृत छ । खुट्टामा ठूला ठूला कल्लीहरु छन् । बायाँ खुट्टाको तल्लो भागमा लड्डुको पात्र छ । गणेशको दायाँ बायाँ २ वटा पुरुष मूर्तिहरु छन् । पुरुष मूर्तिको पेट गणेश जस्तै ठूलो छ । दायाँतिरको मूर्तिले दायाँ हातमा केही लिए जस्तो देखिन्छ भने बायाँ तिरको मूर्तिले पनि दायाँ हातमा गदा जस्तो आकृति समातेको छ । गणेशको माथिल्लो शिरको दायाँ-बायाँ २ वटा नारी मूर्तिहरु नमस्कार मुद्रामा छन्। यिनीहरुको केशविन्यास साधारण खाले छ भने शरीरमा साधारण किसिमका गर गहनाहरु छन् । शैलीको हिसाबले यो मूर्ति नेपालमा नबनी दक्षिण भारतमा बनेको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

# तेस्रो तल्ला
# (बाहिर)




१) गणेश १७औं शताब्दी
२) कुमार १७औं शताब्दी
३) मञ्जुश्री १७औं शताब्दी
४) आर्यतारा १७औं शताब्दी

## १)  गणेश (१७ औं शताब्दी)



गणेशको यो मूर्ति मुसामाथि आसन मुद्रामा छ । गणेशका दुइवटा हातहरु छन् । दायाँ हातमा परशु छ भने वायाँ हातमा लड्डुको पात्र लिइएको छ। शिरमा आकर्षक मुकुट छ भने सुंडले लड्डू खान लागेको देखाइएको छ । घाँटीमा बुट्टेदार चौडा हार छ । हातमा बाजु र बालाहरु छन् । तल्लो भागमा धोतीका बुट्टाहरु पनि देखिन्छन् । मूर्तिको पछाडि प्रभा छ, प्रभाको किनारमा अग्निज्वालाहरु बनाइएको छ । मुसाको स्वरुप कलाकारले सही रुपमा ल्याउन सकेको छैन । मूर्तिमा रातो र नीलो रंग देखिन्छ ।

## २)  कुमार (१७ औं शताब्दी)



शिव परिवार मध्ये कुमार पनि एक हुन्, यिनलाई कार्तिकेय पनि भनिन्छ । कुमारलाई शिवपार्वती पुत्रको रुपमा धार्मिक साहित्यहरुमा उल्लेख गरको पाईन्छ । कुमारलाई बल र सौन्दर्यको प्रतिक मानिन्छ । साथै यिनलाई गण प्रमुखको र देव सेनापतीको रुपमा पनि लिने चलन छ । मूर्तिहरु स्थापना गर्दा यिनलाई विशेष गरी किल्ला प्रवेश द्वार र शहर प्रवेश द्वारमा यिनका मूर्तिहरु बनाइने हुदा यिनलाई संरक्षक देवताको रुपमा पनि लिने चलन छ । यस मूर्तिमा कमलमाथि उभिएको मयूर माथि कुमार आसन मुद्रामा छन् । दुईवटा हातहरु भएको यस मूर्तिको दायाँ हात अभय मुद्रामा छ भने वायाँ हातमा भाला लिएका छन् । शिरमा अलंकृत मुकुट छ भने शिरको पछाडि सानो प्रभा मण्डल छ कानमा चक्र कुण्डलहरु छन् । मुख धेरै खिई सकेको छ। हातमा बाजु र वालाहरु छन् । हातको दायाँ बायाँ पछ्यौराको आकृति बनाइएको छ। कुमारका खुट्टा मयूरको पखेटामाथि राखिएका छन् । मूर्तिमा रातो रंगको प्रयोग भएको छ । समयको अन्तरालले गर्दा मूर्तिको केही ठाउँमा मात्र रातो रंग छ ।

## ३)    मन्जुश्री (१७ औं शताब्दी)




कमलको आसनमाथि बज्र आसनमा भएको मन्जुश्रीका चारवटा हातहरु छन् । चारहातहरु मध्ये दायाँ तिरको माथिल्लो हातमा तिर छ भने तल्लो हात हरिन मुद्रामा छ । बायाँको माथिल्लो हातमा धनुष छ भने तल्लो हातमा पास छ । मूर्तिको शिरमा अलंकृत मुकुट छ भने शिरको पछाडि प्रभा मण्डल छ । आँखा ध्यान मुद्रामा छन् । कानमा चक्रकुण्डलहरु छन् । छातीमा चौडा हार छ भने लामो माला पनि छ । लामो माला पेटसम्म झुण्डिएको छ । हातमा बाजु र बालाहरु छन् । कम्मरमा बुट्टेदार चौडा पेटी छ । तल्लो भागमा धोती छ । धोतीको केही भागमा अगाडितिर ल्याइ बुट्टेदार मुजाहरु बनाइएको छ । शिरको मुकुट पहेलो रंगको छ । शरीरमा हरिया र पहेलो रंगको प्रयोग गरिएको छ । मूर्ति जीर्ण अवस्थामा छ ।

## ४) आर्यतारा (१७ औं शताव्दी)



ललितासनमा बसेको ताराको यो मूर्तिका २ वटा हातहरु छन् । दायाँ हात वरद मुद्रामा वायाँ हात अभय मुद्रामा छ । हातमा कमलका डाँठहरु समातेको देखाइएको छ । शिरमा अलंकृत मुकुट छ । शिरका पछाडि प्रभामण्डल छ । प्रभामण्डलको वरिपरि अग्नि ज्वालाहरु बनाइएको छ । मर्तिको कानमा पत्रकुण्डलहरु छन् । घाँटीमा चौडा हार छ । हातमा वाजु र चुराहरु छन् । कम्मरमा कम्मरपेटी छ । काँधमा दायाँवायाँ फूलहरु छन् । फूलको मध्य भागमा दायाँतिर कलश छ भने दायाँतिर खड्ग छ । यस मूर्तिमा पनि रंगको राम्रो संयोजन देखिन्छ । मुकुट गहनाहरु र कानको दायाँ वायाँ भागका फूलहरुमा सुनौलो रंग छ भने शरीरमा राता पहेंलो र हरियो रंगको संयोजन पाइन्छ ।

# तेस्रो तल्ला
# (ठूलो कोठा)




१) पूजादेवी १७औं शताब्दी
२) भैरब १७औं शताब्दी
३) सिंह (दुई वटा)
४) राधाकृष्ण १७औं शताब्दी
५) मञ्जुश्रीको तोरण
६) तोरण
७) गरुड अंकित तोरण १६औं शताब्दी
८) विष्णु १७औं शताब्दी
९) दिपंकर बुद
१०) आर्यतारा १७औं शताब्दी
११) आर्यतारा १७औं शताब्दी
१२) आर्यतारा १७औं शताब्दी
१३) मञ्जुश्री १७औं शताब्दी
१४) मारविजय १५औं शताब्दी
१५) विष्णु १७औं शताब्दी
१६) नर्तकीदेवी १७औं शताब्दी
१७) शिव विश्वरूप १७औं शताब्दी

## १) पूजा देवी (१७ औं शताब्दी)



भक्तीमा समर्पित पूजा गर्ने मुद्रामा भएको हुनाले यो मूर्तिलाई पूजादेवी भनेर नामाकरण गरिएको हो। दुईवटा हातहरुमा पूजाको पात्र समातेको यो नारी मूर्तिमा विभिन्न किसिमका गहनाहरु प्रयोग गरिएका छन् । कानका पत्र कुण्डलहरु विशेष आकर्षक छन् । मूर्तिको आसनमा छोएको सारीको बुट्टा अति आकर्षक देखिन्छ । मूर्तिका केशविन्यास साधारण खालको छ । मूर्तिमा कम्मर र बक्ष बनाउन कलाकारले ज्यादै परिश्रम गरेको प्रष्ट देखिन्छ । यस मूर्तिलाई नेपाली काष्ठ कलाको अनुपम नमूना मान्न सकिन्छ ।

## २)　भैरब (१७ औं शताब्दी)



शिवका बिभिन्न रुपहरुमध्ये भैरबरुप पनि एक हो। भैरबलाई शिवको उग्ररुपको रुपमा लिइन्छ । नेपालमा भैरबका बिभिन्न रुपका मूर्तिहरु पाइन्छन् । साधारण आसन माथि कम्मरभन्दा माथि भागमात्र देखाइ बनाइएको भैरबका चार हातहरु छन् । माथिल्लो दायाँ हातमा तरवार छ भने तल्लो हातमा कपाल पात्र छ । माथिल्लो बायाँ हातमा ढाल र तल्लो हातमा तर्जनी मुद्रामा रहेको छ । डरलाग्दो जटा मुकुटमा मुण्डहरु पनि जोडिएका छन् । ठूला आँखीभौं गोला डरलाग्दा आँखा ठूलो खुल्ला मुख यस मूर्तिका महत्वपूर्ण विशेषताहरु हुन। कानमा सर्प कुण्डलहरुको साथै चक्रकुण्डलहरु पनि छन् । घाँटीमा चौडा हारको साथै सर्पमाला पनि छ । हातमा वाजु र सर्प बालाहरु छन् । आसन भागको अगाडितिर आसन मुद्रामा २ हातयुक्त पुरुष मूर्ति छ। र वरिपरि बुट्टाहरु कुँदिएका छन् । मूर्तिमा रातो र कालो रंगको प्रयोग भएको छ । आसन भाग भने जीर्ण अवस्थामा छ ।

## ३)　सिंह मूर्ति



देवीको वाहनको रुपमा चर्चित सिंहलाई हिन्दू र बौद्ध दुवै धर्ममा पूजा गर्ने चलन छ। बौद्ध धर्ममा त बुद्धलाई समेत शाक्य सिंह भनी सम्बोधन गरेको पनि पाईन्छ । विशेष गरी शाक्त धर्ममा सिंहको विशेष महत्व रहेको पाईन्छ । यी दुइवटा सिंह स्थानक मुद्रामा छन् र साधारण आसनमाथि छन् । दुवै सिंह मूर्तिका तीनवटा खुट्टाहरु देखिन्छन् । सिंहहरुको केशविन्यास, पछाडिका जटा, जँगाहरु, घाँटीको माला र शरीर अति आकर्षक वनाइएका छन् । सिंहको आँखा पनि ध्यान मग्न अवस्थाको बनाइएको छ । कलाकारिताको हिसावले यी सिंहहरु अति महत्वपूर्ण छन् ।

## ४)    कृष्ण र गोपिनी (१७ औं शताब्दी)



साधारण आसन माथि कमलको फूलमाथि त्रिभंग मुद्रामा भएको कृष्णको मूर्तिका दुवै हातले वासुरी समातेको छ । कृष्णको शिरको केशविन्यास साधारण खाले छ । केशलाई माथिल्लो भागमा लगि जुरो बनाइएको छ। निधारमा टीका छ । आँखाहरु कुनै काममा व्यस्त रहेको देखाइएको छ । शरीरमा कुनै पनि किसिमका गहनाहरु छैनन् । शरीरको माथिल्लो भागमा कुनै वस्त्रको प्रयोग भएको छैन्, तल्लो भागमा सुनौलो धोती प्रयोग गरिएको छ । पछाडि पट्टिको धोतीको भागले कमलको आसन छोएको छ । मूर्तिको दायाँ वायाँ दुवै तर्फ गोपिनीहरु नृत्य अवस्थाका मूर्तिहरु छन् । यी गोपिनीहरुको केशविन्यास साधारण खाले छ भने शरीरमा हार, वालाहरु गहनाको रुपमा प्रयोग भएको छ । कानमा कुण्डलहरु पनि छन् । कम्मरवन्ध आकर्षक छ । दुवै गोपिनीहरुको धोती रातो रंगको छ साथै धोतीमा आर्कषक मुजाहरु बनाइएको छ । यस्तो किसिमका कृष्णका मूर्तिहरु नेपालमा थुप्रै पाइन्छन् ।

## ५) तोरण (१७ औं शताब्दी)



नेपाली बास्तुकलामा प्रयोग गरिने विभिन्न काष्ठकलाका विविध स्वरुपहरु मध्ये तोरण पनि एक हो । यस्ता तोरणहरु विशेष गरी ढोका र झ्यालका माथिल्लो भागमा राखिएका हुन्छन् । यस्ता तोरणहरु प्रायः अर्ध गोलाकार स्वरुपमा बनाइएका हुन्छन् । बिशेष गरी नेपाली शैलीका मन्दिरहरुका मूल ढोका माथि बढी मात्रामा राखिन्छन् । मन्दिरको मूल गर्भगृहमा भएको मूर्तिको आकार कुँदिनुको साथै क्षेपु, सर्प, गरुड, मकराकृति, रुख पात लहराहरु बनाइएका हुन्छन् । यस किसिमका आकृतिमा तिनै लोक र तिनै लोकका प्राणीहरुलाई बुझ्ने स्वरुपका मूर्तिहरु र पन्चतन्त्रका प्रतिकहरु अंकित गरिएका हुन्छन् । मन्दिरभित्र प्रवेश गर्नु पूर्व गर्भगृहको दृष्य अनुभव गर्न पनि यस्ता किसिमको स्वरुप राखिएको हुनुपर्दछ । साथै कुन देवताको मन्दिर हो भनेर चिन्नको लागि पनि यस्तो किसिमको धारणाबाट प्रेरित भई कलाकारले यस्तो किसिमको स्वरुप मुल ढोकामाथि राखेको हुन सक्छ । यस्ता तोरणहरुले मन्दिरको सौन्दर्य पक्षलाई पनि बढाएको पाइन्छ । यदाकदा काठका तोरणमा बाहिरबाट धातुका प्रतिकृति बनाइ मोडिएको पाइन्छ ।

त्रिभुज आकारमा भएको यस तोरणको तल्लो भागको वीचमा चार हात सहितको मञ्जुश्रीको मूर्ति आसन मुद्रामा छ । चार हात मध्ये दायाँ तिरको हातको माथिल्लो हातमा तरबार लिएको छ । अरु हातहरुको आयुधहरु स्पष्ट छैन। शिरमा अलंकृत मुकुट छ । शरीरका अन्य गरगहनाहरु स्पष्ट देखिदैन । मञ्जुश्रीको दायाँ गणेशको आसन मुद्रामा भएको चार हात सहितको मूर्ति छ भने बायाँतिर चारहात सहितको आसन मुद्रामा भएको भैरबको मूर्ति छ। तल्लो भागको दुवै किनारामा मकराकृति छन् । तोरणको बीच भागमा विभिन्न किसिमका आकृतिहरु छन् । सबभन्दा माथिल्लो भागमा डरलाग्दो क्षेपुको, सर्प मुखमा हालिराखेको मूर्ति छ । क्षेपको माथि छत्राबली छ। कलाकारिताको हिसाबले यो तोरण अति महत्वपूर्ण छ ।

## ६)  काठको तोरण



अर्धगोलाकार यस तोरणको तल्लो भागमा चार हात युक्त देवीको मूर्ति छ । यस मूर्तिका दायाँ बायाँ र माथि गरी जम्मा १० वटा मूर्तिहरु छन्। यी १० वटा मूर्ति मध्ये तोरणको बाँया भागको कुनातिर भएको मूर्ति गणेशको हो। मूर्तिहरुको शैली अध्ययन गर्दा अन्य मतिहरु नवदुर्गाको जस्तो आभास पाइन्छ । सबै मूर्तिहरु चारहात युक्त आसन मुद्रामा छन् । मूर्तिहरुले लिएका आयुधहरु केही मात्र स्पष्ट छन् सबै स्पष्ट छैनन् । तोरणको तल्लो भागको दुवै किनारमा मकरका आकृतिहरु छन् । तोरणको सबभन्दा माथिल्लो भागमा सर्पहरु खाइ राखेको गरुडको डरलाग्दो मूर्ति छ । गरुडलाइ उडि राखेको देखाइएको छ भने पेट बाहिर निस्केको छ । गरुडका दायाँ बायाँ उडिराखेका अप्सराहरुका आकृतिहरु छन् । दुबै अप्सराले दाहिने हातमा केही लिए जस्तो देखिन्छ । कलाकारिताको दृष्टिले यो तोरण अति महत्वपूर्ण छ । यो तोरण कुनै देवी मन्दिरको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

## ७)	तोरण (१७ औं शताब्दी)



त्रिभुज आकारमा भएको तोरणको तल्लो भागमा आसन मुद्रामा बिष्णुको मूर्ति छ । बिष्णुका चार हातहरु छन् । हातहरुमा क्रमशः शंख, चक्र, गदा र पद्म छन् । मूर्तिको शिरमा अलंकृत मुकुट छ। शरीरमा विभिन्न किसिमका गरगहनाहरु छन् । शिरको पछाडि प्रभामण्डल छ । साथै प्वालयुक्त प्रभा पनि छ । प्रभाका किनारहरुमा अग्निज्वालाहरु छन् । तोरणको तल्लो भागको दुवै किनारमा मकराकृतिहरु छन् । तोरणको बीचमा विभिन्न किसिमका आकृतिहरु छन् । सबभन्दा माथिल्लो भागमा उडीराखेको गरुडको मूर्ति छ । मूर्तिको दायाँ बायाँ अप्सराहरु उडीराखेको अवस्थामा देखाइएको छ । गरुडको मुख जीर्ण भैसकेको छ । गरुडभन्दा माथिको भाग पनि जीर्ण भैसकेको छ ।

## ८) बिष्णु (१७ औं शताब्दी)



कमलको फूलमाथि आसन मुद्रामा भएका बिष्णुका चारवटा हातहरु छन । दायाँ हातमा क्रमशः शंख र पद्म छन् भने बायाँ हातमा गदा र चक्र छ। शिरमा अलंकृत मुकुट छ । शिरको पछाडि किनारहरुमा अग्निज्वालाहरु भएको प्रभामण्डल छ । मुख जीर्ण छ। कानमा चक्र कुण्डलहरु छन् । घाँटीमा चौडा हार छ । बाजुमा केयूर र हातमा बालाहरु छन। कम्मरमा चौडा कम्मरबन्ध छ । तल्लो भागमा भएको धोतीमा आकर्षक बट्टाहरु छन् । मूर्तिको पछाडि प्रभा पनि छ । मूर्तिमा रातो, पहेंलो र हरियो रंगको प्रयोग भएको छ ।

## ९)　दीपंकर बुद्ध (१८ औं शताब्दी)

बौद्ध धर्मका महत्वपूर्ण देवताहरु मध्ये दीपंकर-बद्ध पनि एक हुन् । यिनी शाक्य मुनि बुद्धका गुरु मानिन्छन् । बुद्ध बंशमा उल्लेख भएका चौबीस बुद्धहरु मध्ये दीपंकर बुद्ध पनि पर्दछन् । काठमाण्डौ उपत्यकाका विहारहरुमा दीपंकर बुद्धको मूर्ति राख्ने चलन छ । विशेष गरी पंचदानको उपलक्ष्यमा यिनको विशेष महत्व रहन्छ ।

स्थानक मुद्रामा भएको यस मूर्तिको दुईबटा हातहरु छन् । दायाँ हात खाली छ । बायाँ हातमा भिक्षा पात्र छ । भिक्षा पात्रको केही भाग जीर्ण भैसकेको छ । शिरमा मुकट छैन, केशविन्यास साधारण खाले छ। निधारमा सानो टीका छ । ठूला ठूला कानहरु छन् । कानमा छिद्र भएता पनि कुण्डलहरु छैनन् । बायाँ काँधबाट चीवर तलतिर झर्दै दायाँतिर कम्मर सम्म पुगेको छ। बायाँ काँधमा चिवरको तुनाहरु झुण्डिएका छन। काँधबाट झरेको चीवरको किनारमा सुनौलो रंग छ। चीवरमा फूलबुट्टाहरु छन् । दायाँ कम्मरमा पुगेपछि चीवरको किनारका बुट्टाहरु ठूलो छ । धोती पनि अलंकृत छ । शरीरभरी रातो, नीलो, कालो र सुनौला रंगको राम्रो संयोजन छ ।



## १०) आर्यतारा (१७ औं शताव्दी)



कमलको आसनमाथि ललितासनमा भएको ताराको यस मूर्तिका २ वटा हातहरु छन् । दायाँ हात वरद मुद्रामा छ भने वायाँ हात अभय मुद्रामा छ । दुवै हातहरुमा कमलका डाँठहरु देख्न सकिन्छ । मूर्तिका शिरमा अलंकृत मुकुट छ । शिरको पछाडि पीपलपात स्वरुपको प्रभामण्डल छ । प्रभामण्डलको किनारमा अग्नि ज्वालाहरु छन् । कानमा पत्र कुण्डलहरु छन् भने घाँटीमा सानो चौडा हार छ । हातमा वाजु र चुराहरु छन् कम्मरको तल्लो भागमा बुट्टाहरु भएको पेटी छ । मूर्तिको दायाँ-वायाँ काँधनेर फूलहरु छन् । मूर्तिमा रंगको राम्रो संयोजन देखिन्छ । मुखमा सुनौलो रंग छ तर धेरै उडिसकेको छ। गहनाहरु र लुगाहरुमा रातो, नीलो र पहेंलो रंग लगाइएको छ । आसन भागमा सारीका बुट्टाहरु पनि छन् । कमलासनमा पनि रंगहरुको प्रयोग गरिएको छ ।

## ११) आर्य तारा (१७ औं शताव्दी)



वर्गाकार आसन माथि भएको यो मूर्ति ललितासनमा छ । यस मूर्तिका २ वटा हातहरु छन् । दायाँ हात वरद मुद्रामा छन् भने वायाँ हात अभय मुद्रामा छ । दुवै हातमा कमलको फूलको डाँठ देखाइएको छ । शिरमा आकर्षक मुकुट छ। कानमा पत्रकुण्डलहरु छ र चौडा हार छ। हातमा वाजु र चुराहरु छन् भने कम्मरमा साधारण किसिमको पेटी छ । काँधको दायाँ बायाँ कमलका फूलहरु छन् । वायाँ र दायाँतिरका फूलहरु फरकफरक छन् । शरीरमा भएका गहनाहरु र कपडाहरुमा रंगको प्रयोग भएको छ। मुखमा सुनौलो रंग छ भने मुकुटमा रातो रंग छ। कान र घाँटीका गहनाहरुमा सुनौलो रंग छ। हार मुनिको र स्तनभन्दा तल्लो भागमा भी आकार बनाइ सुनौलो रंग लगाइएको छ र हातहरुमा पनि सुनौलो रंग छ। सारीमा रातो रंग छ र अन्य कपडाहरुमा नीलो पहेंलो र रातो रंगको संयोजन मिलाइएको छ । मूर्तिको आसनमा सारीका मुजाहरु बढी आकर्षक तरीकावाट भुण्डिएका छन। यस मुजामा पनि रंगको राम्रो संयोजन छ। साथै मूर्ति वसेको आसनमा पनि विभिन्न किसिमका फूलहरु छन् ।

## १२)    आर्यतारा (१७ औं शताव्दी)



कमल माथि आसन मुद्रा भएको यस मूर्तिका २ वटा हातहरु छन् । वायाँ हात अभय मुद्रामा छ भने दायाँ हात वरद मुद्रामा छ । दुवै हातमा कमलका फूलका डाक्लाहरु देखिन्छन् जसले दाया-वायाँ काँधनेर कमलका फूलहरु हुनु पर्ने हो तर हाल उक्त कमलका फूलहरु देखिदैन । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरु प्रयोग भएका छन् । मूर्तिको शिरमा अलंकृत मुकुट छ र शिरको ठीक पछाडि अलंकृत प्रभामण्डल छ । कानमा पत्रकुण्डलहरु छन् । मुकुटमा पहेंलो रङ्ग लगाइएको छ । प्रभाका पनि पहेंलो र रातो रङ्ग गहना पहेंला छन् भने कपडाहरु रातो रङ्गका छन् र खाली शरीरमा नीलो रङ्ग प्रयोग गरिएको छ। रातो घाँघरमा सुन रङ्गका फूलहरु बनाइनु यस मूर्तिको महत्वपूर्ण विशेषताहरु हुन् ।

## १३) मञ्जुश्री (१७ औं शताब्दी)



कमलासनमाथि ललितासन भएको मञ्जुश्रीका दुईवटाहातहरु धर्मचक्र मुद्रामा छन । मूर्तिको शिरमा अलंकृत मुकुट छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरु प्रयोग गरिएका छन् । बिशेष गरी घाँटीको हार र कम्मरको पेटी अति आर्कषक छ ।

## १४) मार विजय (विजय उत्सव मूर्ति) (१७औं शताब्दी)



बौद्ध धर्ममा बुद्धले तपस्या गरेको ठाउँको बिशेष महत्व छ । बुद्धले तपस्या गर्दाको क्रममा अनेक वाधा व्यवधान भोग्नु परको उल्लेख विभिन्न साहित्यमा पाईन्छ । बुद्धको तपस्या दर्शाउनु नै ईन्द्रले भंग गर्न देवपुत्र मारले गरेको आक्रमणको कथा यो मूर्ति फलक को उद्देश्य हो की भन्ने भान हुन्छ । यस मूर्ति फलकमा सवभन्दा तल्लो मध्ये भागमा कमलको आसन माथि भू-श्पर्श मुद्रामा बुद्धको मूर्ति छ । मूर्ति ध्यान मग्न अबस्थामा छ । मूर्तिको वरिपरि देव देवता र राक्षसका मूर्तिहरु बनाइएका छन् । मुर्तिको दायाँ-बायाँ दुबैतर्फ शिरमाथि २ वटा राक्षस मूर्ति र सवभन्दा माथिल्लो भागमा ब्रम्हा सहित ९ वटा देवताका मूर्ति छन् । मूर्तिभरि नै रातो रंगको प्रयोग प्रशस्त मात्रामा भएको छ । कलाकारिताको हिसाबले उक्त मूर्ति अति महत्वपूर्ण देखिन्छ । यस मूर्तिलाई मारविजय मूर्ति भनेर मात्र नामाकरण गर्नु त्यति सान्दर्भिक देखिदैन । मूर्तिमा भएका देवताहरुलाई हेर्दा उक्त मूर्तिलाई बुद्धत्व प्राप्त गर्न थालेको अवस्थाको स्वागत मूर्ति भनेर नामकरण गर्न पनि सान्दर्भिक देखिन्छ ।

## १५)    बिष्णु (१७ औं शताब्दी)



कमलको फूलमाथि गरुडमाथि स्थानक मुद्रामा भएका बिष्णुका चारवटा हातहरु छन् । चारबटा हातमा कमशः शंख, चक्र, गदा र पद्म छन् । शिरमा अलंकृत मुकुट र कानमा कुण्डलहरु छन् । शिरमाथि सर्पको फणा बनाइएको छ । घाँटीमा हार र वैजयन्तीमाला छ भने हातमा बालाहरु छन् । धोतीमा आर्कषक बुट्टाहरु छन् । खुट्टामा मोटा कल्लीहरु देखिन्छन् । कलाकारिताको हिसाबले यो मूर्ति १७ औं शताब्दीको नभई १९ औं शताब्दीको भान हुन आउदछ ।

## १६) नृत्यदेवी (१५ औं शताब्दी)




भक्तपुर काष्ठकला संग्रहालयमा प्रदर्शित यो मूर्ति यस संग्रहालयमा भएका पुराना मूर्तिहरुमा पर्दछ । त्रिभङ्ग मुद्रामा नृत्यको अवस्थामा भएकोले यस मूर्तिलाई नृत्य देवीको मूर्ति भनेर भनिएको हो । मूर्तिका २ हातहरु नृत्यको भावमा देखाइएको छ । मूर्तिमा साधारण किसिमका गर गहनाहरु प्रयोग गरिएका छन् । केश विन्यास अलंकृत छ । मूर्तिका स्तनहरु आकर्षक तरीका वाट बनाइएका छन् । सारीका मुजाहरु आकर्षक छन् । सारीका तीनवटा टुप्पाहरु तल्लो भागमा झुण्डिएका छन् । यी टुप्पाहरुमा पातला मुजाहरु बनाइएका छन् । यस मूर्तिको महत्वपूर्ण विशेषता कम गर गहनाको प्रयोग हुनु र रङ्ग आजपनि आर्कषक रहि रहनु हो ।

## १७) शिव विश्वरूप (१७ औं शताब्दी)



कमलको आसनमाथि प्रत्यालिढ मुद्रामा उभिएको भैरवका ६ वटा खुट्टाहरु छन् । ६ वटा खुट्टाहरु मध्ये दायाँ २ बटा खुट्टाहरु साँढेमाथि छन् भने अर्को खुट्टा नारी मूर्तिको हातमा छन् । बायाँ एउटा खुट्टा कछुवामाथि छ भने २ बटा खुट्टा साँढेमाथि छन् । भैरबका ३० बटा हात र १७ बटा शिरहरु छन् । प्रत्येक शिरमा मुकुटहरु छन् र प्रत्येक मुखका हाउभाउ फरक फरक छ। भैरबको मूल मुखको माथितिर भएको एउटा शिरमा जटा मुकुट छ । आँखा गोलाकार छन् । तीसवटा हातमा विभिन्न मूर्ति आकृतिहरुको साथै केही हातमा आयुधहरु पनि छन् । सवभन्दा तलतिरका हातहरु गोलाकार बनाइ जोडिएका छन् । कानमा चक्रकुण्डलहरु छन् भने घाँटीमा सुनौला हार छ । काँधहरुबाट निस्किएको घुँडासम्म झुण्डिएको मुण्डमाला छ । हातमा बालाहरु छन् । पेटमा डरलाग्दा ठूला ठूला आँखा र मुख भएको भैरबको आकृति बनाइएको छ । धोतीमा मुजाहरु दायाँ बायाँ घुँडाको तलसम्म झुण्डिएका छन भने तीनवटा झुम्का सहित भैरबको अगाडि बुट्टेदार धोतीको पट्टा झुण्डिएको छ । वैदिककालदेखि नै आर्यव्रत मध्य प्रदेशमा कल्पना गरिएको विश्वरुपको अध्ययन अनुसन्धानमा यो महत्वपूर्ण सावित हुनेछ ।

# तेस्रो तल्लाको पूर्वतिरको ठूलो कोठा भित्र




१) आर्य भृकुटी तारा १७औं शताब्दी
२) भैरब १७औं शताब्दी
३) भैरब १७औं शताब्दी
४) अष्टभूज भैरब १७औं शताब्दी
५) आर्यतारा १७औं शताब्दी
६) बसुन्धरा १६औं शताब्दी
७) यमकिंकर १७औं शताब्दी
८) ठेकी (दारको)
५) टुँडाल (३वटा) १७औं शताब्दी
१०) टुँडाल (७थान) १७औं शताब्दी
११) टुँडाल (६थान) १७औं शताब्दी
१२) कृष्ण १८औं शताब्दी
१३) बलराम १८औं शताब्दी
१४) टुँडाल १७औं शताब्दी
१५) झ्याल १७औं शताब्दी
१६) खाट १७औं शताब्दी
१७) तखता (क्वाभ) १७औं शताब्दी
१८) माटोको झ्याल
१९) गरूड अंकित तोरण १६औं शताब्दी
२०) नृत्यरूप गणेश १७औं शताब्दी
२१) टुँडाल १७औं शताब्दी
२२) अष्टभूज भैरब १७औं शताब्दी
२३) टुँडाल (२वटा) १७औं शताब्दी

## १)  आर्यतारा (१७ औं शताव्दी)



त्रिभंङ्ग अवस्थामा कमलको आसनमाथि ताराको यो मूर्ति स्थानक मुद्रामा छ । मूर्तिका २ वटा हातहरु छन् । दायाँ हात वरद मुद्रामा छ भने वायाँ हात कुहिना माथि सरेको छ । मूर्तिको शिरमा आकर्षक मुकुट छ भने कानमा पत्रकुण्डलहरु छन् । छातीमा चौडा हारको साथै वक्षस्थलको तल्लो भागसम्म झुण्डिएको पातलो हार छ। यस पातलो हारलाई वक्षस्थलको मध्य भागवाट आकर्षक डिजाइन वनाइ तल्लो भागतिर झारिएको छ। साथै घाँटीबाट क्रमशः तल हुँदै घुँडासम्म अति अलंकृत लामो माला पनि छ । उक्त मालामा उत्कृष्ट कलाकारिता देख्न सकिन्छ । कम्मरमा सानो चौडा बुट्टेदार पेटी छ । पेटीको अगाडि पट्टिको वीच भागमा त्रिभुज आकारको डिजाइन बनाइ तलतिर झारिएको छ । मूर्तिमा भएको सारीमा सानावुट्टाहरु वनाइएको छ । सारीको तल्लोभागका मुजाहरु आकर्षक छन् । यस मूर्तिमा पनि रंगको प्रयोग गरिएको कुरा सारीमा देखिने रंग र वक्षस्थलको तल्लो भागमा भएको रंगले स्पष्ट पार्दछ । हाल शरीरका अन्य भागहरुको रंग उडिसकेको छ।

## २)  भैरब मुकुण्डो (१७ औं शताब्दी)



नेपालमा विशेष गरी विभिन्न किसिमका मुकुण्डोहरु बनाउने परम्परा छ । यस्ता मुकुण्डोहरु विशेष गरी डरलाग्दा वा उग्र स्वरुपका देवता वा पशुहरुका बनाउने परम्परा छ । यस्ता मुकुण्डोहरु मुखमा लगाएर विभिन्न किसिमका जात्राहरु सम्पन्न गर्ने र नाचहरु संचालन गर्ने परम्परा आजसम्म पनि प्रचलित रहेको छ । भैरबको यो मुकन्डाको डरलाग्दो अलंकृत जटा मुकुट छ । जटा मुकुटको अगाडी तिर रत्न जडित मुकुट पनि छ । निधारमा तेस्रो ठूलो मुकुट छ । डरलाग्दा आँखिभौहरु छन् ऑखिभौं गोलाकार छन् । मुख खुल्ला र मुखका तिखा दाँतहरु देखिन्छन् । कानमा अति आकर्षक सर्प कुण्डलहरु छन् । घाँटीमा सर्प मालाको साथै चौडा किसिमको हार छ । मूर्तिमा रातो र सुनौलो रंग यत्रतत्र लगाइएको छ ।

## ३) शक्ति सहित भैरब (१७ औं शताब्दी)



कमलको आसनमाथि स्त्रीस्वरुप वेताल र मयूरमाथि खुट्टा राखी प्रत्यालिढ मुद्रामा भएको भैरबको ६ वटा हातहरु छन् । दायाँतिरको माथिल्लो हातमा खड्ग छ वीचको हातमा त्रिशुल र सबभन्दा तल्लो हातमा कपाल छ । वायाँतिरको माथिल्लो हातमा ढाल छ । वीचकोमा मुण्ड छ भने तल्लो हातको वस्तु देखिदैन । शिरमा मुकुट छ भने कानमा सर्प कुण्डलहरु छन् । साथै मुकुटको तल्लो किनारमा मुण्डमालाहरु छन् । ठूला आखिभौं र आँखा गोलाकार छन् । घाँटीमा चौडा हारको साथै सर्पमाला र मुण्डमाला पनि छ । मुण्डमाला घुँडा सम्म झुण्डिएको छ । हातमा सर्पमाला छन् भने धोती बुट्टेद्धार छ । खुट्टामा सर्प वालाहरु छन् । स्त्रीस्वरुप वेताल र मयूरको बीचमा कलश आकृति बनाइएको छ। भैरबको वायाँतिर नृत्य अवस्थामा भैरब शक्तिको सानो मूर्ति छ । शक्तिका २ वटा हातहरु छन् । दुई हात मध्ये दायाँ हातमा कपाल छ भने बायाँ हात तर्जनी मुद्रामा छ । शिरमा अलंकृत मुकुट छ। घाँटीमा चौडा हारको साथै मुण्डमाला पनि छ । मुण्डमाला घुँडा सम्म झुण्डिएको छ । हातमा बाजु र चुराहरु छन् । शक्तिको धोतीमा अलंकृत बुट्टाहरु छन् । शक्तिको एउटा बड़ा मयूर माथि छ। भैरब शक्ति मूर्तिको पछाडी मन्दिर आकारको प्रभा छ। भैरबको दायाँ वायाँ स्तम्भ आकृतिहरु बनाई माथिल्लो भागमा तोरणको आकृति छ । तोरणको सबभन्दा माथिल्लो भागमा तिनवटा छत्र आकृति माथि शिखर आकृति देखाइएकोछ । तोरणको मध्य भागमा चार हात युक्त उडिरहेको गरुड छ । गरुडका २ वटा तल्ला हातमाथि सरेका छन् माथिल्लो दायाँ हातको वस्तु स्पष्ट हुँदैन् भने वायाँ हातमा छत्र छ । गरुडको शिरमा अलंकृत जटा मुकुट छ । शिरमा प्रशस्त गरगहनाहरु छन् । कलाकारिताको हिसावले प्रभा भाग अति आकर्षक छ । यस मूर्तिलाई एउटा महत्वपूर्ण मूर्तिको रुपमा राख्न सकिन्छ ।

## ४)    अष्टभुज भैरबमूर्ति (१७ औं शताव्दी)



यस संग्रहालयमा भएका भैरब मूर्ति मध्ये यो पनि एउटा महत्वपूर्ण मूर्ति हो । हातमा कपाल लिएका वेताल स्वरुपका, प्रत्यालिढ मुद्रा भएको यस मूर्तिका आठवटा हातहरु छन् । दायाँतिरका हातहरुमा माथि देखि क्रमशः त्रिशूल, तीर, कपाल छन् । एउटा हातमा आयुध छैन् । बायाँतिरको हातमा धनुष, तर्जनि मुद्रा र अरु २ हातको आयुध स्पष्ट हुँदैनन् । शिरमा डरलाग्दो मुण्डमाला जडित डरलाग्दो जटा मुकुट छ । कानमा सर्प कुण्डलहरु छन् । मुख डरलाग्दो छ । छातीमा बुट्टेदार चौडा किसिमको हार छ । साथै पेट सम्म झुण्डिएको सर्प माला पनि छ । दुवैवटा काँधहरुलाई हुँदै मुण्डमाला कटिभन्दा तलसम्म झुण्डिएको छ । प्रत्येक हातमा केयूर र वालाहरु पनि छ । तल्लो भागमा बुट्टेदार कछाड छ । खुट्टामा सर्पमालाहरु छन् मूर्ति पछाडि प्रभा छ । प्रभाको किनारमा अग्निज्वाला देख्न सकिन्छ । साथै फूलहरु पनि बनाएका छन् । मूर्तिको आसन जीर्ण छ ।

## ५)	आर्य तारा (१७ औं शताव्दी)



कमलको आसन माथि स्थानक मुद्रा भएको यस मूर्तिका २ वटा हातहरु छन् । वायाँ हात अभय मुद्रामा छ भने दायाँ हात वरद मुद्रामा छ । दुवै हातमा कमलका फूलका डाक्लाहरु देखिन्छन् जसले दायाँवायाँ काँधनेर कमलका फूलहरु हुनु पर्ने हो तर हाल उक्त कमलका फूलहरु देखिदैन । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरु प्रयोग भएका छन् । मूर्तिको शिरमा अलंकृत मुकुट छ। शिरको ठीक पछाडि आकर्षक प्रभामण्डल छ । कानमा पत्र कुण्डल छन् । घाँटीदेखि जंघासम्म भुण्डिएको माला प्रयोग गएिको यस मूर्तिमा नीलो, पहेंलो र रातो रङ्ग लगाइएको छ । मुकुटमा पहेंलो र रातो रङ्ग लगाइएको छ । प्रभामा पनि पहेंलो र रातो रङ्ग छ। गहना पहेंला छन् भने कपडाहरु रातो रङ्गका छन् । खाली शरीरमा नीलो रङ्ग प्रयोग गरिएको छ । रातो घाँघरमा सुन रङ्गका फूलहरु वनाइनु र खुट्टामा आकर्षक किसिमको गहनाहरु हुनु यस मूर्तिका महत्वपूर्ण विशेषताहरु हुन् ।

## ६)	वसुन्धरा (१६ औं शताब्दी)



बसुन्धरा भन्ने वित्तिकै पृथ्वीका धनधान्यकी देवी भनेर बुझ्नु पर्दछ । हिन्दू र बौद्ध धर्ममा वसुन्धरालाई पुज्ने चलन छ । नेपालमा वसुन्धराको मूर्ति शुरु मध्यकाल देखिका मात्र भेटिन्छन् । कमलको आसनमा, ललितासनमा भएको यस बसुन्धराको मूर्तिका ६ वटा हातहरु छन् । ६ हातमध्ये दायाँतिरको माथिल्लो हात अभय मुद्रामा छ र बीचको हातमा रत्नहरु जडित गहनाको झुम्को छ भने तल्लो हात खाली छ । बायाँतिरको माथिल्लो हातमा पुस्तक छ भने बीचको हातमा अन्नको वाला छ र तल्लो हातमा रत्न र पूर्ण कलश छ । शिरमा अलंकृत मुकुट छ । शिरको पछाडि प्रभामण्डल छ र प्रभामण्डलमा साना साना बुट्टाहरु छन् । किनाराहरुमा अग्निज्वाला वनाइएको छ । आँखाहरु ध्यानमग्न अवस्थामा देखिन्छन् । कलाकारले नाक र मुख त्यति राम्रो बनाउन सकेको छैन । कानमा चक्र कुण्डलहरु छन्, छातीमा चौडा हार छ। चौडा हारमा साना-साना बुट्टाहरु छन् । अर्को सानो पातलो हार वक्षको तल्लो भागसम्म झुण्डिएको छ। उक्त हारले वक्षका दुवै भागलाई हुँदै झुण्डिएको छ । हातमा वाजु र चुराहरु पनि छन् । कम्मरको पेटी बुट्टेदार छ । खुट्टामा पनि बुट्टेदार चौडा आकारको कल्ली छ । आसन भागमा फूलका बुट्टाहरु छन् । मूर्तिको शरीरमा रातो, नीलो र पहेंलो रंगको प्रयोग भएको छ ।

## ७)	हयग्रीब भैरब (१७ औं शताब्दी)



यस मूर्तिमा हयग्रीव भैरब कमल माथि आसन मुद्रामा छन् । यस मूर्तिमा हयग्रीबका दुईवटा हातहरु छन् । दायाँ हात खुल्ला गरि माथि उठाइएका छन् भने बाया औंलाहरु जोडी मुट्ठीपारे जस्तो देखिन्छ । औंलाहरुको स्वरुप हेर्दा यस हातले केही समाते जस्तो देखिएता पनि हात केही समातेको देखिदैन । शिरमा अति अलंकृत र बुट्टेदार मुकुट छ । निधारमा तेस्रो आँखा छ । आँखाहरु डरलाग्दो स्वरुपमा बनाइएको छ । मुखवाट दाँत वाहिर निस्किएको देखाइएको छ । कानमा चक्रकुण्डलहरु छन् । कानमाथि पनि बुट्टाहरु बनाइएको छ । छातीमा चौडा लकेट जडित हार छ भने भुँडिसम्म सर्प स्वरुपकों सर्प माला छ। सर्पको मुख पेट नेर देखाइएको छ । हातमा बाजु र वालाहरु छन् । शरीरको तल्लो भागमा धोती बुझाउनको लागि बुट्टेदार स्वरुपमा कालो रंग लगाइएको छ । मूर्तिको शरीर भरी रातो रंग लगाइएको छ । कलाकारिताको हिसाबले यो मूर्ति अति आकर्षक देखिन्छ । कवेरको मूर्ति भनिएता पनि यो मूर्ति हयग्रीब भैरबको हो भन्ने विभिन्न आधारहरुले स्पष्ट पार्दछ । तेस्रो आँखा हुनु, आँखा गोलाकार हुनु, दाँतहरु बाहिर निस्कनु, कानमा र शरीरमा सर्प माला हुनु यो मूर्ति भैरव हुन सक्ने महत्वपूर्ण आधारहरु हुन् । कलाकारिताको हिसाबले यो मूर्ति अति आकर्षक छ ।

## ८)  ठेकी (१९ औं शताब्दी)



नेपाली समाजमा विशेष गरी दही दूध राख्न र पानीको संचय गर्नको लागि काठको ठेकीको प्रयोग मध्यकालदेखि नै चलन चल्तीमा रहेको पाइन्छ । शायद यो प्राचीन कालमा यस्ता ठेकीहरु बिशेष गरी रिठी रुख कटहर गुराँसको काठबाट बनाइन्छ । बर्तमान समयमा धातुको अत्यधिक प्रयोगले गर्दा ठेकीको महत्व घट्दै गएको छ । यो ठेकी गोलाकार स्वरुपमा बनाइएको छ । ठेकी साधारण खाले कालो रंगमा छ। ठेकीमा कमशः पाँचवटा बुट्टाका भागहरु देखिन्छन् । नेपाली मौलिक संस्कृतिको अध्ययनमा यो ठेकीको बिशेष महत्व रहेको छ ।

## ८)     टुँडाल (१७ औं शताब्दी)




यी तीनवटा टुँडालहरु मध्ये बीचको टुँडाल ठूलो छ भने दायाँ र वायाँका टुँडालहरु साना साना छन् बीचको टुँडाल इन्द्रायणीको हो। यस टुँडालको सवैभन्दा माथिको भागमा रुखका हाँगाहरु पात सहित अंकित गरिएको छ । बीचमा इन्द्रायणीको हात्तीमाथि शालभञ्जिका (नृत्य) मुद्रामा भएको मूर्ति छ । मूर्तिका आठ हातहरु छन् तर सवै जीर्ण मुद्रामा छन् । मूर्तिको शिरमा अलंकृत मुकुट कानमा कुण्डल घाँटीमा सानो र लामो हार छ । हात्तीलाई कमलासनमा देखाइएको छ । सवभन्दा तल्लो भागमा आसन मुद्रामा ध्वजा लिएको देवताको मूर्ति छ । यस मूर्तिको पछाडि तिर प्रभामण्डल भुण्डिएको छ । बीचको टुँडालको दायाँतिरको टुँडालमा पनि इन्द्रायणीको मूर्ति छ र यस टुँडालको माथिल्लोपट्टिको भागमा रुखका हाँगाहरुमा पातहरु देखाइएको छ । यस मूर्तिको मुकुट विशिष्ट किसिमको छ । माथिको जस्तै शरीरमा प्रशस्त मात्रामा गरगहनाहरु प्रयोग गरिएका छन् । तल्लो भागमा आठ हात युक्त भैरबको मूर्ति आसन मुद्रामा छ । हातहरु पूर्ण रुपमा जीर्ण भैसकेका छन् । बीचको इन्द्रायणीको बायाँतिरको टुँडालमा देवीको मूर्ति छ । देवीको नाम स्पष्ट हुँदैन । यस टुँडालको माथिल्लो भागमा रुखका हांगा पातहरु सहित छन् । बीचमा चार हातयुक्त देवीको मूर्ति आलिढ मुद्रामा छ । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाको प्रयोग गरिएका छन् । अरु दुई टुँडालहरुको तुलनामा यो टुँडाल धेरै जीर्ण भइसकेको छ । काष्ठ कलाको हिसावले यी तीनवटा टुँडाल नै अति महत्वपूर्ण छन् ।

## १०) क. टुँडाल (१७ औं शताब्दी)




यी ३ वटै टुँडालहरु एउटै स्वरुपका छन् । तीनवटै टुँडालहरुको माथिल्लो भागमा रुखका लहराहरु छन् साथै गन्धर्व र किन्नरहरु छन् । बीचमा भैरब शक्तिका आठहात युक्त मूर्तिहरु छन् । हातहरु पूर्ण रुपमा जीर्ण भै सकेका छन् । तल्लो भागमा खुट्टा एकमाथि अर्को खप्ट्याई स्थानक मुद्रामा भएका यी मूर्तिको शरीरमा प्रशस्त मात्रामा गर गहनाहरु प्रयोग भएका छन् । साथै मुण्डमाला पनि लगाइएका छन् । टुँडालको तल्लो भागमा आठहात युक्त आसन मुद्रामा देवीका मूर्तिहरु अंकित गरिएको छ । टुँडालहरुको तत्कालै संरक्षणको आवश्यकता देखिन्छ ।

## ख. टुँडाल (१७ औं शताब्दी)



चार वटा टुँडालहरु एउटै स्वरुप र आकारका छन् । चार वटा टुँडालको माथिल्लो भागमा रुखका पातहरु छन् । वीचमा शिब पार्वतीका स्थानक मुद्रामा भएका मूर्तिहरु छन् । मूर्तिमा शिवका सोह्रहातहरु छन् । भने पार्वतीका आठ हातहरु छन् । सवै हातहरु छैनन् । शिब पार्वतीको शिरमा अलंकृत मुकुटहरु छन् । घाँटीमा चौडा हारको साथै लामो हार माला पनि छ । शिवको शरीरमा सर्पमाला पनि छ । शिब र पार्वतीको तल्लो भागमा आकर्षक धोती छ । यसमा शिवको मुखमा जुंगा पनि छ । तल्लो भागमा पद्मासनको दायाँ बायाँ शिवतिरको तल्लो भागमा साँढेको मूर्ति छ भने पार्वतीतिरको तल्लो भागमा सिंहको मूर्ति छ । टुँडालको सवभन्दा तल्लो भागमा चारहात युक्त आसन् मुद्रामा भएका देवीका मूर्तिहरु छन् ।

## ११) टुँडाल (१७ औं शताब्दी)



यी टुँडालहरु मध्ये ५ वटा टुँडालहरु एउटै स्वरुपका छन् । ५ वटै टुँडालहरुको माथिल्लो भागमा रुखका पात सहितका लहराहरु छन साथै यसै भागमा छत्रावली पनि छ । बीचको भागमा कमलको आसनमाथि भैरबीका अठार हातहरु युक्त मूर्तिहरु स्थानक मदामा छन । सबै टुँडालमा भएका हातहरु जीर्ण भै सकेका छन् । सबै टुँडालहरुमा भएका भैरब शक्तिका शिरमा आकर्षक मुकुटहरु छन् । कानमा कुण्डलहरु र घाँटीमा चौडा किसिमको हार छ । टुँडालमा भएका भैरब शक्तिका मूर्तिहरु अलंकृत मुण्डमाला पनि लगाएका छन् । तल्लो भागको धोती अति आकर्षक किसिमले बनाइएको छ । धोतीको टुप्पा तल्लो भागमा भुण्डिएको देखाइएको छ र धोतीमा आकर्षक बुट्टाहरु पनि छन् । केहि टुँडालहरुमा भएका मूर्तिका खुट्टा जीर्ण भै सकेका छन् । कमलासनको दायाँ बायाँ सिंहका मूर्तिहरु छन् । ५ वटै टुँडालहरुको तल्लो भागमा मन्दिर स्वरुपको खोपा बनाइ आठ हात युक्त देवीका मूर्तिहरु आसन मुद्रामा छन् । हातहरुमा विभिन्न किसिमका आयुधहरु लिएका छन् ।

यी ५ वटा टुँडालको दायाँतिर अर्को सानो टुँडाल छ यो टुँडालको सबभन्दा माथिल्लो भागमा रुखका पातहरु देखाइएको छ । बीचमा आठ हात युक्त कमलको आसनमाथि खुट्टा एकअर्कोमा खप्टाई स्थानक मुद्रामा देवीको मूर्ति छ। मूर्तिका शिरमा मुकुट छ र शरीरमा प्रशस्त मात्रामा गर गहनाहरु छन् । यसको तल्लो भागमा आसन मुद्रामा भएको देवीको मूर्ति छ। कलाकारिताको हिसाबले यी ६ वटै टुँडालहरु अति आकर्षक छन् । तर यी टुँडालहरुको पनि धेरै जसो भागहरु जीर्ण भै सकेका छन् ।

## १२)　कृष्ण (१८ औं शताब्दी)

स्थानक मुद्रामा भएको कृष्णको यस मूर्तिमा २ बटा हातहरु छन् । हातहरु कुम छुट्टै वनाइ जोडिदिएको देखिन्छ । हातमा पाखुरा मात्र छ हात छैन । हात भएको भाग जीर्ण भई सकेको छ । साथै खुट्टा पनि तिघ्रा सम्म मात्र छ। खुट्टाहरु जीर्ण भइ सकेका छन् । केशविन्यास साधारण खाले छ । शिरको मध्य भागमा टूपी छ । निधारमा लामो रातो टीका छ । आँखीभौं राता छन् । आँखा गोलाकार छन् । गर गहनाको प्रयोग भएको छैन । शरीरको माथिल्लो भागको लुगा पहेंलो छ भने धोती रातो रंग र बुट्टाहरु पहेंलो छन् । यस मूर्तिमा रंगको राम्रो संयोजन देख्न सकिन्छ । यो मूर्ति जीर्ण अवस्थामा छ ।



## १३)    वलराम (१८ औं शताब्दी)

स्थानक मुद्रामा भएको वलरामको यो मुर्तिका २ वटा हातहरु छन् । हातहरु कुमदेखि जोडिएका छन् । हातका पञ्जा र औंलाहरु छैनन् । मूर्ति हेर्दा मूर्तिमा पञ्जा र औंलाहरु भएको आभास पाइए तापनि हाल छैनन् । मूर्तिका शिरमा मुकुट छैन । साधारण किसिमको केशविन्यास छ। वायाँतिरको कान छैन । आँखा ठूलाठूला र गोलाकार छन् । निधारमा लामो टीका छ । छातीमा कुनै पनि किसिमका गर गहनाहरु छैनन् । शरीरमा साधारण खाले बुट्टेद्धार कपडाहरु छन् । धोतीको अगाडितिर यू आकारको कपडा छ । खुट्टाहरु छैनन् जीर्ण भइसकेका छन् । मूर्तिमा रंगको राम्रो संयोजन भएको छ । कपाल कालो र निधारको टीका र आँखीभै रातो छ। आँखा र मुखमा सेतो रंग छ। कम्मर भन्दा माथिको लुगा पहेंलो छ र यसमा रातो रंगमा फूलहरु वनाइएको छ । धोती रातो रंगको छ र यसमा पहेंलो रंगका बुट्टाहरु छन् । अगाडि पट्टिको सानो पट्टा हरियो रंगको छ । मूर्तिको केही भाग जीर्ण छ ।




## १४) टुँडाल (१७ औं शताब्दी)




यो टुँडालको सवभन्दा माथिल्लो भागमा शार्दूलको डरलाग्दो स्वरुप बनाइएको छ । बीचमा सारसको मूर्ति छ भने सबभन्दा तल्लो भागमा सिंहको स्वरुप बनाइएको छ। तीनवटै पशुको आकारहरु अत्यन्तै डरलाग्दो स्वरुपमा बनाइएको छ । यस टुँडालमा शक्तिको स्तरलाई राम्रो किसिमबाट देखाइएको छ । यो टुँडाल पूर्ण टुँडाल भने अवश्य पनि होइन । यो कुनै टुँडालको आधा भाग हो भन्ने स्पष्ट हुन्छ । यसको अवस्था पनि राम्रो छ । टुँडाल जीर्ण अवस्थामा छ ।

## १५) पाँचमुखे झ्याल (१७ औं शताब्दी)



झ्यालहरु काठमाडौं उपत्यकाका आकर्षणहरु हुन् । विषेश गरी मध्य कालमा आर्थिक अवस्था बुझ्न यस्ता झ्यालहरुले महत्वपूर्ण भूमिका खेल्दथे। दरवार, पाटी पौवा मन्दिरलाई आकर्षक वनाउनको लागि यस्ता झ्यालहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यो झ्याल पाँचमुखे झ्याल अन्तर्गत पर्दछ । वनावटको हिसावले यसलाई पाँचमुखे आँखीझ्याल भन्न सकिन्छ । यस झ्यालको बीचको भाग अरु भन्दा ठूलो छ । यस झ्यालको माथिको भाग **trefoil** आकृतिको छ । आँखीझ्यालका बुट्टाहरु अति आकर्षक छन् । झ्यालको दायाँ वायाँ स्तम्भहरु छन् । यी स्तम्भहरुमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । बीचको दायाँतिरको माथिल्लो भाग अर्ध गोलाकार छ भने यस भन्दा दाँयातिरको झ्यालको माथिल्लो भाग अर्धगोलाकार छ । बीचको वायाँतिरको पहिलो झ्यालको माथिल्लो भाग **trefoil** आकृतिको छ भने अर्कोको माथिल्लो भाग अर्धगोलाकार छ। पांचवटा झ्यालको बीचबीचमा स्तम्भाकार आकृतिहरु छन् । बीचको झ्यालको दायाँवायाँका झ्यालको ठीक माथि सातसातवटा आकृतिहरु छन् । यो झ्याल जीर्ण अवस्थामा छ ।

## १६)  तिने मुखे झ्याल भएको खाट (१७ औं शताब्दी)



यस खाटमा भएका तीनवटा झ्यालहरुको माथिल्लो भागमा **trefoil** को आकार बनाइएको छ । दायाँ बायाँ स्तम्भ आकृतिहरु बनाइएका छन् । बीचमा प्वालहरु छैनन्, त्यसकारण यस किसिमको झ्याललाई **Fake** वा **Decorative non window** पनि भन्न सकिन्छ। प्रत्येक झ्यालको **trefoil** को दायाँ-बायाँ विभिन्न किसिमका आकृतिहरु बनाइएको छ । दायाँ बायाँ प्रत्येक झ्यालको पानस आकृतिहरु बनाइएको छ । प्रत्येक झ्यालको माथिल्लो र तल्लो भागमा विभिन्न बुट्टाहरु पनि बनाइएको छ । कलाकारिताको हिसाबले यो झ्याल अति महत्वपूर्ण मान्न सकिन्छ ।

## १७)	बाकस (१७ औं शताब्दी)



चार खुट्टा भएको माथिल्लो भागको सतहभन्दा केही माथि चारै खुट्टा उठेको रथ आकारको यो बाकस कलात्मक छ । प्रत्येक खुट्टाहरुमा कलात्मक तरिकाले बुट्टाहरु काटिएका छन् । बाकसको अगाडिको मोहडा बट्टेदार छ भने बाकसको अगाडि मोहडाको दायाँ-बायाँ देबी देवताका आकृतिका मूर्ति चित्रहरु देखिन्छ । दायाँ बायाँ दुवै तर्फ बुट्टेदार खम्वा बनाइएको छ ।

## १८)  माटोको झ्याल (१८ औं शताब्दी)



माटोद्वारा निर्मित एकमुखे झ्यालको झ्यालको भाग खुल्ला छ । झ्यालको माथिल्लो भाग गोलाकार स्वरुपमा बनाइ तलतिर डिजाइन निकालिएको छ । झ्यालको माथिल्लो भागमा जीर्ण क्षेपुको आकृति छ । मूल झ्यालको दायाँ बायाँ पानस आकृतिका स्तम्भ आकृतिहरु बनाइएको छ । स्तम्भ आकृतिको माथिल्लो भागमा दुवैतर्फ मकराकृतिहरु छन् । झ्यालका दायाँ बायाँ दुवै किनारामा पनि स्तम्भ आकृतिहरु बनाइएका छन् । यी स्तम्भ आकृतिहरुमा विभिन्न किसिमका डिजाइनहरु निकालिएका छन् । सवभन्दा तल्लो भागमा सिंह आकृतिहरु छन् । झ्यालको विभिन्न ठाउँमा पाप्रा उक्कि सकेको छ । विशेष गरी झ्यालको माथिल्लो भाग बढी जीर्ण देखिन्छ ।

## १९)	तोरण (१७ औं शताब्दी)



अर्धगोलाकार स्वरुपमा बनेको यस तोरणको तल्लो भागका दुवै किनारहरुमा मकर आकृति छन् । तोरणभरी सर्पका आकार देखाइएको छ । तोरणका किनारमा फूलबुट्टाहरु देखिन्छन् । तोरणको माथिल्लो भागमा उडीराखेको अवस्थाको गरुडको मूर्ति छ। गरुडका खुट्टाले सर्प समातेको देखाइएको छ । गरुडका पखेटा र मुकुट अलंकृत छ । सबभन्दा माथिल्लो भागमा तीनवटा छत्र युक्त छत्राबली बनाइएको छ । यो तोरण कुनै झ्यालको हुन सक्ने यसको स्वरुपले देखाउँछ ।

## २०) गणेश (१७ औं शताब्दी)



कमलको आसनमाथि नृत्य मुद्रामा भएको गणेशका आठ हातहरु छन् । माथि देखि दायाँ हातहरुमा कमशः अंकुश, अभय माला, हौंडा र अन्तिम हात बरद मुद्रामा छ भने बायाँहातहरुमा माथिदेखि तल कमशः परशु र पास छ भने बीचको एउटा हात जीर्ण भैसकेको छ । सवभन्दा तल्लो हातमा लड्डुको पात्र लिएको छ। गणेश को शिरमा अलंकृत मुकुट छ भने शिरको पछाडि अलंकृत प्रभामण्डल छ । मुकुटको तल्लो विचमा एउटा मुण्ड जोडिएको छ । सूडले लड्डु खान लागेको छ । आँखाहरु ध्यान मुद्रामा देखिन्छन् । दाँतहरु बाहिर निस्केको देखाइएको छ । कानमा वर्गाकार कुण्डलहरु छन्, घाँटीमा चौडा किसिमको हार छ । पेट सम्म भुण्डिएको सर्पमालायुक्त यज्ञोपवितले सुशोभित छ । साथै घुँडासम्म भुण्डिएको फूलकामालाहरु छ । धोतीमा आकर्षक बुट्टाहरु छन् । खुट्टाको दायाँ-बायाँ फर्केका मुसाहरु छन् भने मूर्तिको दायाँ-बायाँ ऋद्धि र सिद्धिका साना साना मूर्तिहरु छन । यिनका मूर्तिहरु पनि नृत्य मुद्रामा छन् । यी मूर्तिहरुमा प्रसस्त मात्रामा गरगहनाहरुको प्रयोग गरिएका छन् । गणेशको मूर्तिको ठीक अगाडि तिर मकराकृतिमा धाराको आकृति बनाइएको छ। मूर्तिको पछाडि मन्दिरको स्वरुपमा प्रभा बनाइएको छ । प्रभाको सवभन्दा माथिल्लो भागमा उडीराखेको गरुड नमस्कार मुद्रामा छ । गरुडका दायाँ-बायाँ तपर्ण मुद्रामा नागहरु छन् । नागको शिरमा तीनवटा फणाहरु देखिन्छन् । यसको तल्लो भागमा दुबैतिर मकर आकृतिहरु छन् र यस प्रभाका अन्य भागमा फूलका आकतिहरु पनि छ । मकरभन्दा तल्लो भाग दायाँ बायाँ सादा छ। गणेशका र ऋद्धि-सिद्धिका गहनाहरुमा सुनौला रंग लगाइएको छ भने मूर्तिको अन्य भागमा रातो र कालो रंगको संयोजन देखिन्छ ।

## २१) टुँडाल (१७ औं शताब्दी)



टुँडालमा भएको देवता स्थानक मुद्रामा छ । यसका २ बटा हातहरु छन् । हातमा आयुधहरु स्पष्ट छैनन् । मूर्तिको शिरमा अलंकृत मुकुट छ । घाँटीमा चौडा किसिमको हार छ । तल्लो भागका धोतीका मुजाहरु पनि व्यवस्थित तरिकाले बनाइएका छन् । यो टुँडालको तल्लो भाग पूर्णरुपमा जीर्ण भैसकेको छ । यसको तत्कालै संरक्षणको आवश्यकता छ ।

## २२) भैरबमूर्ति (१७ औं शताब्दी)



शिवका विभिन्न रुपहरु मध्ये भैरव स्वरुप पनि एक हो । आगम साहित्यहरुमा ६४ भैरबहरुको उल्लेख पाइन्छ । ६४ भैरब मध्ये यो भैरब पनि पर्दछ । कमलासनमाथि नग्न वेताल स्वरुप नागमाथि आलिढ मुद्रामा आसीन भैरबका आठ हातहरु छन् । आठ हातहरुमा विभिन्न किसिमका आयुधहरु छन् । दायाँ हातमा क्रमशः माथिदेखि तलवार, डमरु, त्रिशूल र कपाल लिएको छ भने वायाँ हातमा माथिदेखि ढाल, खट्वाङ्ग, र तीनवटा शिर सहितको मुण्ड लिएको छ । एउटा हात चाहिं स्पष्ट रुपमा देखिदैन । यस मूर्तिका चारवटा शिरहरु छन् । मूल शिरको दायाँ बायाँ र माथि गरी चारवटा शिरमाथि जटा मुकुटहरु छन्। यी मुकुटहरु अलंकृत छन् । मुकुटको अगाडि तल्लो भाग मुण्डहरुवाट सजाइएका छन् । हरेक शिरको हावभाव फरक छ । आँखाहरु गोलाकार र डरलाग्दा छन्। मूल शिरमा सर्प कुण्डलहरु छन् । घाँटीमा चौडा हारको साथै सर्प माला पनि छ । घाँटीदेखि दुवै काँधहरुलाई हुँदै घुँडासम्म झुण्डिएको मुण्डमाला छ । दुवै घुँडाको दायाँ-बायाँ अलंकृत झुम्काहरु झुण्डिएका छन् । खुट्टामा सर्पका कल्लीहरु छन् । भैरबको वायाँतिरको घुँडाको आडमा भैरबशक्तिको सानो मूर्ति नृत्य मुद्रामा सिंहमाथि छ। शक्तिमा २ वटा हातहरु छन् । वायाँ हातमा कपाल छ भने दायाँ हातको आयुध स्पष्ट हुँदैन् । शक्तिको शिरमा अलंकृत मुकुट छ । नाक पूर्ण रुपमा जीर्ण भइसकेको छ । कानमा पत्रकुण्डलहरु छन् । घाँटीमा चौडा हार छ । साथै दुवै काँधहरुवाट झुण्डिएको घुँडासम्म भएको मुण्डमाला छ । हातमा वाजु र चुराहरु छन् । कम्मरमा बुट्टेदार पेटी छ क। अगाडि पट्टिको सारीको मुजा अति अलंकृत छ । भैरवको मूर्ति पछाडि पीपलपाते प्रभामण्डल छ । प्रभामण्डलको वरिपरि अग्नि ज्वालाहरु बनाइएको छ । मूर्तिमा प्रायः सेतो र केही भागमा रातो रंगको प्रयोग भएको छ र धेरै जसो भागको रंग उडिसकेको छ। यसमा प्रयोग भएको रंगको आधारमा यसलाई श्वेत भैरव हो भनि अनुमान पनि गर्न सकिन्छ ।


## २३) टुँडाल (१७ औं शताब्दी)

यी दुवै टुँडालहरु एउटै स्वरुपका छन् । दुबै टुँडालको माथिल्लो भागमा रुखका पात सहितका लहराहरु छन् । साथै गन्धर्बका मूर्तिहरु पनि अंकित गरिएका छन् । बीचमा स्थानक मुद्रामा भएका सोह हात युक्त भैरब शक्तिका मूर्तिहरु छन् । दुबै टुँडालका मूर्तिहरुका हातहरु छैनन् । शिरमा अति आकर्षक मकुट छ । कानमा कुण्डल, घाँटीमा चौडा हारको अतिरिक्त मुण्डमाला पनि लगाएको छ । तल्लो भागको धोती ज्यादै अलंकृत देखिन्छ । मूर्तिको पाउनेर भएको पद्मासनको दायाँ-बायाँ सिंह मूर्तिहरु छन् । यी सिंहहरुको केही भाग पूर्ण रुपमा जीर्ण भै सकेका छ । दुवै टुँडालको तल्लो भागमा खोपाको आकृति बनाई आसन मुद्रामा भएका देवीका मूर्तिहरु अंकित गरिएका छन् । यी दुवै टुँडालका धेरै जसो भागहरु पूर्ण रुपमा जीर्ण भैसकेका छन् । कलाकारिताको हिसाबले यी टुँडालहरु अति महत्वपूर्ण र आकर्षक छन् ।




# पुजारी मठमा रहेका काष्ठकलाका उत्कृष्ठ नमूनाहरू


## भित्री चोकमा रहेका झ्यालहरू



उत्तर



पश्चिम




पूर्व



दक्षिण

## चोकमा रहेको मल्लकालिन शिलालेख





पूजारी मठमा रहेको मयुर झ्याल